मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २३ ● २०८२ साल मंसिर १८ गते बिहीबार ● Thursday 04, December 2025 ● सूर्योदय: बिहान ०६:३६ बजे ● सूर्यास्त: साँझ ५:११ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## वीरगन्जसहित पर्साका नाकामा चेकजाँच कडाई

**वीरगन्ज ।**
भारतमा अवैध रूपमा बसोबास गर्दै आएका बंगलादेशी रोहिंग्या समुदायका व्यक्तिहरू नेपालतिर प्रवेश गर्न सक्ने खबर सार्वजनिक भएपछि जिल्ला प्रशासन कार्यालय पर्साको ध्यानाकर्षण भएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साले बुधबार सूचना जारी गर्दै वीरगन्जसहित जिल्लाका सबै सीमा नाका तथा प्रवेशबिन्दुहरूमा सुरक्षाकर्मीमार्फत निगरानी र कडाइ गरिएको जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी विनोद कुमार पोखरेलद्वारा जारी सूचनामा सीमावर्ती नाकाबाट परिचय नखुलेका शंकास्पद व्यक्तिहरू अवैध तरिकाले पर्सा जिल्लामा छिर्न सक्ने भन्दै चेकजाँच थप कडाइ गरिएको उल्लेख छ ।

यस्तै, शंकास्पद व्यक्ति जिल्लाभित्र प्रवेश गरेको आशंका लागेमा तत्काल नजिकको सुरक्षा निकायलाई जानकारी गराउन स्थानीयवासीलाई पनि प्रशासनले अनुरोध गरेको छ ।

# मधेशमा सरकार गठनकालागि प्रदेश प्रमुखले गरे आह्वान





पत्र संख्या : २०८२/०८३
च.नं. :

मिति २०८२।०८।१७

विज्ञप्ति

माननीय प्रदेश प्रमुख श्री सुरेन्द्र लाभ कर्णज्यू समक्ष मधेश प्रदेशका माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवले नेपालको संविधानको धारा १६९ उपधारा (१) को खण्ड (क) अनुसार मुख्यमन्त्री पदबाट दिनुभएको राजिनामा आज मिति २०८२ साल मंसिर १७ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूले स्वीकृत गर्नुभएकोले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई मिति २०८२/०८/१९ गते शुक्रबार दिनको ५:०० बजे भित्र मधेश प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्ने प्रयोजनका लागि आफ्नो दावी पेश गर्न आह्वान गर्नुभएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

(शत्रुधन यादव)

**जनकपुरधाम ।**
मधेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले प्रदेशमा नयाँ सरकार गठनका लागि आव्हान गरेका छन् ।

उनले बुधबार साँझ नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई आफ्नो दाबी पेस गर्न आव्हान गरेका हुन् । दाबी पेस गर्नका लागि उनले यही मंसिर १९ गते शुक्रबार साँझ ५ बजेसम्मको समय दिएका छन् ।

मधेस प्रदेशसभामा बुधबार प्रदेशसभामा विश्वासको मत नलिँदै मुख्यमन्त्री सरोजकुमार यादवले रोष्टम बाटै राजिनामाको घोषणा गरेका थिए । रोष्टमबाट राजिनामा घोषणा गरेका मुख्यमन्त्री यादवले प्रदेश प्रमुख लाभलाई राजिनामा पत्र बुझाएसंगै नयाँ सरकार गठनका लागि आव्हान गरिएको हो । यता मधेसका मुख्यमन्त्री सरोजकुमार यादव विश्वासको मत लिन नपाउँदै राजिनामा दिएका छन् । विश्वासको मत लिनका लागि बोलाइएको बैठकमा मन्तव्य राख्दै मुख्यमन्त्री यादवले रोष्टमबाटै राजिनामाको घोषणा गरेका थिए ।

सदनमा एमाले, संघिय समाजवादी पार्टी र राप्रपाका प्रदेशसभा सदस्यहरुका अतिरिक्तका दलका प्रदेशसभा सदस्यहरु मुख्यमन्त्री यादवको मन्तव्यकै क्रममा बाहिरिएपछि विश्वासको मत नपाउने देखेर

*समाचार पृठ २ मा*

# मधेशमा अब कसको सरकार ?





**जनकपुरधाम**
मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि अबको चासो नयाँ सरकार कसको नेतृत्वमा बन्ला भन्ने तिर देखा परेको छ । अहिलेको विपक्षी दलहरुले बनाएको सात दलिय गठबन्धनमा बहुमत भने उनिहरुसंग रहेको छ । तर सरकार निर्माणमा मुख्यमन्त्री पदको लागि सबैको चासो देखा परेको छ । नेपाली काँग्रेसका संसदीय दलका नेता कृष्ण प्रसाद यादवले आफनो नेतृत्वमा नयाँ सरकारमा जानुपर्ने पक्षमा देखा परेका छन भने लोसपाका नेता जितेन्द्र सोनलले आफु विश्वासको मतमा माओवादी र जनमतबाट भएको चलेखलको कारणले विश्वासको मत प्राप्त गर्न नसकेपछि एक पटक सबै दलल मिलेर आफुलाई मौका दिनुपर्ने पक्षमा देखिएका छन । अर्को तर्फ जनता समाजवादी पार्टी समेत काँग्रेसको साथ तयार

*समाचार पृठ २ मा*

# विश्व हिन्दु परिषदको माग
## मदर्शा शिक्षा विधेयक तुरन्त फिर्ता लिइयोस्



**जनकपुरधाम ।**
मधेस प्रदेश सरकारले ल्याउन लागेको मदर्शा शिक्षा बोर्ड विधेयक फिर्ता विश्व हिन्दु परिषदले माग गरेको छ । मधेस सरकारको मंसिर १६ गतेको मन्त्रीपरिषद बैठकबाट मदर्शा शिक्षा बोर्ड विधेयक प्रदेशसभामा पुनः ल्याउने तयारी गरेसंगै विश्व हिन्दु परिषदले सो विधेयक फिर्ता लिन माग गरेको हो ।

परिषदले एक पत्रकार सम्मेलनको आयोजना गर्दै राष्ट्रिय सुरक्षामा खतरा रहेको समयमा यो विधेयकले थप सुरक्षा खतरा निम्त्याउने भन्दै विधेयक फिर्ता लिन माग गरेको हो । विश्व हिन्दु परिषदका महासचिव जितेन्द्र सिंहले मदर्शा शिक्षा बोर्ड विधेयकले विभाजनकारी शिक्षाको विजारोपण गर्ने भएकाले यो विधेयकको पुनर्मूल्यांकन नगरी फेरी ल्याउनु चिन्ताको विषय रहेको बताए । उनले यो विधेयकले मजहबी कृयाकलापलाई बढावा दिने भएकाले तुरन्तै विवादित विधेयक फिर्ता लिनुपर्ने माग गरे ।

सिंहले नेपालको बहुसंख्यक हिन्दु समुदायमाथि हुँदै आईरहको श्रृंखलाबद्ध आक्रमणको सुक्ष्म अनुसन्धान, सीमा क्षेत्रमा मजहबी कृयाकलापमाथि प्रतिबन्ध लगाउनुपर्ने, मदर्शा तथा मस्जिदमाथि नियमित अनुगमन हुनुपर्ने, विदेशी फण्डका आधारमा हुँदै आईरहेको इस्लामिक गतिविधिमाथि समेत नियन्त्रण गरिनुपर्ने माग गरे ।


# अपाङ्गता दिवसको अवसरमा जनकपुरधाममा प्रभातफेरी




**जनकपुरधाम ।**
आज ३४औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवस विभिन्न कार्यक्रम गरी जनकपुरधाममा मनाइएको छ । 'अपाङ्गता समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवद्र्धन' मूल नाराका साथ जनकपुरधाममा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइएको हो । दिवसको अवसरमा जनकपुरधाममा प्रभात गरिएको छ ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत बुधबार प्रभातफेरी गरिएको छ भने अपाङ्गता भएका व्यक्तिलाई सहायता सामाग्री वितरण, हाजिरी जवाफ प्रतियोगिता, अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृति वितरण सहितका कार्यक्रम समेत गर्न लागिएको छ । हरेक वर्ष डिसेम्बर ३ मा विश्वभर मनाइने यो दिवसले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्ने साझा संकल्पलाई पुनः स्मरण गराउँदै आईरहेको प्रभातफेरीमा सहभागीहरुले बताए ।

अपाङ्गता भएका नागरिकको हक अधिकार प्रवद्र्धनका लागि विश्वभर संयुक्त राष्ट्रसङ्घको पहलमा सन १९९२ देखि हरेक वर्ष डिसेम्बर ३ तारिखका दिन अपाङ्गताभएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको हो ।



# बरियारपट्टीको अमृत पान पसलमा चोरी गर्ने दुई जना पक्राउ



**सिरहा ।** बरियारपट्टी गाउँपालिका–३ स्थित बरियारपट्टी बजारको अमृत पान पसलमा गए राति चोरी भएको छ । स्थानीय दीपेश कुमार साहको पसलमा राति करिब १ बजे तला फुटाई चोरी गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

प्रहरीका अनुसार चोरीमा संलग्न व्यक्तिहरूले करिब ३ हजार रुपैयाँ नगद र करिब १० हजार रुपैयाँ बराबरका खाद्यान्न सामग्री चोरी गरेका थिए । उनीहरू उक्त सामान सिटी रिक्सामा लोड गर्दै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय बरियारपट्टीको टोलीले नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका–५, तेत्तीस बिगहाका राजलाल यादवका छोरा काशीन्द्र कुमार यादव र सोही नगरपालिकाका सूर्यदेव यादवका छोरा खुशीराम यादव रहेका छन् ।

दुवैलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सिरहा पठाइएको प्रहरीले जानकारी दिएको छ । यसैबीच, बजार क्षेत्रमा बढ्दो चोरी घटनाले व्यापारीहरू चिन्तित बनेका छन् । बरियारपट्टी बजार समिति अध्यक्ष अम्बे यादवले सबै व्यापारीलाई पसलमा सिसीटिभी जडान गर्न आग्रह गर्दै सुरक्षामा कुनै पनि प्रकारको लापरबाही नगर्न आग्रह गरेका छन् ।


## बैष्णवी वचत तथा ऋण सहकारी संस्था लि.

**जनकपुरधाम (धनुषा) मधेश प्रदेश, नेपाल**

बैष्णवी वचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम धनुषाको सदस्य महानुभावहरुमा

### १६ औँ वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

आदरणीय शेयरसदस्य माहानुभाव ज्यहरु,

बैष्णवी बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम, धनुषाको मिति २०८२/०८/१६ गते मंगलवार बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको १६ औं वार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपसिलमा उल्लेखित साधारण सभाको कार्यसूची अनुसार छलफल र निर्णय गर्न तपसिलको तिमि, समय र स्थानमा एकाईगत रुपमा सम्पन्न हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने कार्यसूचीहरु :

१) संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्वन्धमा ।
२) लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्वन्धमा ।
३) आ.ब. २०८१।०८२ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्वन्धमा ।
४) आ.ब. २०८२।०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्वन्धमा ।
५) आ.ब. २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत तथा पारित गर्ने सम्वन्धमा ।
६) एकाई प्रतिनिधिहरुको छनोट सम्वन्धमा ।
७) निर्णय पुस्तिका प्रमाणिकरण सम्वन्धमा ।
८) आन्तरिक नीति तथा कार्यविधिहरु संशोधन तथा पुर्नलेखन सम्वन्धमा ।
९) कानूनी प्रकृया अपनाई संस्थाको खराब कर्जा असुली गर्ने योजना सम्वन्धमा ।
१०) संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
११) शेयर लाभान्स र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्वन्धमा ।
१२) पारिश्रिमि तथा सेवा सुविधा तोक्ने सम्बन्धमा ।
१३) कर्मचारीहरुको नियुक्ति तथा दरबन्दी स्वीकृति सम्वन्धमा ।
१४) संस्थाको प्रधान कार्यालय जनकपुरको लागि घर जग्गा खरिद गर्ने सम्वन्धमा ।
१५) सदस्यहरुलाई जुन सुकै वैंकवाट हाम्रो वैष्णवीको खातामा रकम जम्मा हुने सेवा उपलब्ध गराउने सम्वन्धमा ।
१६) विदेशबाट सिधै हाम्रो वैष्णवीको खातामा रकम जम्मा हुने सेवा उपलब्ध गराउने सम्वन्धमा ।
१७) QR Scanner तथा Connect IPS वाट सदस्यहरुलाई भुक्तानी सुविधा उपलब्ध गराउने सम्वन्धमा ।

एकाई सधारण सभा हुने मिति,समय र स्थान:

| एकाई | वैठक मिति | वैठक समय | वैठक स्थान |
|---|---|---|---|
| १. | २०८२/०८/२७ | विहान १०:०० बजे | अधारभुत वि. हँसपुर न.पा.– ०४ वेल्ही चौक |
| २. | २०८२/०९/०५ | विहान १०:०० बजे | धनुष मा. वि धनुषाधाम न.पा.– ०३ धनुषाधाम |
| ३. | २०८२/०९/१२ | विहान १०:०० बजे | जन्ता नमुना मा.वि. विदेह न.पा.– ०६ तिनकौरीया चौक |
| ४. | २०८२/०९/१५ | विहान १०:०० बजे | आर. जे. पार्टी पैलेस जनकपुर उ.म.न.पा – १९ |

सधारण सभाको एकाई वैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणिकरण सभा २०८२ पौष १९ गते , शनिवार ९:०० बजे जनकपुरको उद्दयोग वाणिजय संधको सभा हलमा हुनेछ ।

सधारणसभा सम्बन्धी अन्य जानकारी:

१) एकाईहरुको विस्तारित बैठक सम्बन्धी सूचना संस्थाद्वारा सुचना पाटीमा टासगरी तथा विद्युतीय माध्यामबाट जानकारी दिइनेछ ।
२) एकाईहरुको बैठकमा भाग लिन आउँदा सदस्यता परिचय पत्र वा सदस्यता खुल्ने कागजात सहित सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।
३) सदस्यहरुले आफ्नो सुझाव सल्लाह, निर्णय प्रमाणिकरण सभाभन्दा अगावै संस्थामा लिखित वा मौखित उपलब्ध गराउन सकिनेछ ।
४) उपस्थित सभाबाट छानिनु हुने सदस्यहरु मिति २०८२ साल पौष १९ गते निर्णय प्रमाणिकरण सभामा अनिवार्य सहभागी हुनुपर्नेछ ।

सचिव
(आज्ञाले)


# मधेसमा अब कसको......

देखिएका छन । उसले सोनललाई अन्य दललाई विश्वासमा लिएको खण्डमा आफु तयार रहेको तर भएन भने काँग्रेसको नेतृत्वमा जानुपर्ने पक्षमा देखा परेका छन ।

मधेस केन्द्रित दल भने सरकारको नेतृत्व जसरीपनि आफनो पोल्टामा राख्न चाहेका छन तर काँग्रेस भने विगतमा मधेसमा मधेस केन्द्रित दलको नेतृत्वमा सरकार बनेको कारणले प्रदेश सभामा दोश्रो ठुलो र सात दलमा सबै भन्दा ठुलो दल नेपाली काँग्रेसलाई नेतृत्व दिनुपर्ने पक्षमा देखिएका छन । नेपाली काँग्रेस हाल सात दलमा सबै भन्दा ठुलो शक्ति भएको कारणले गर्दा समेत मुख्यमन्त्रीको दावेदार रहेको बताईरहेका छन । नेपाली काँग्रेसका प्रमुख सचेतक कँुवरकान्त झाले गठबन्धनमा सबै भन्दा ठुलो दल नेपाली काँग्रेस रहेको र सबै दलले सरकारको नेतृत्व सम्हालिसकेको कारणले गर्दा काँग्रेसको दावि स्वभाविक रहेको बताए । उनले भने –'प्रदेश प्रमुखले आह्वान गर्नु परियो तब हामी सातै दल बसेर नेतृत्वको विषयमा टुगोमा पुग्ने छौ,नेतृत्वको विषयमा खासै विवाद नहोला अहिले सम्म सबै जनता विश्वासको मत लगायतको विषयमा छलफलमा रहेको कारणले गर्दा केही हुन सकेन अब बस्छौ सहमति हुन्छ ।

यता जसपा नेपाल जितेन्द्र सोनलको पक्षमा विगतमा जति सकारात्मक देखिएका थिए त्यति सकारात्मक भने देखिदैनन उसले पनि नेपाली काँग्रेसको नेतृत्वमा जादा आफुहरुको आपति नहुने बताईरहेका छन । तर खुलेर भने बोलिरहेका छैन । सो पार्टीका प्रमुख सचेतक राम अशषि यादवले प्रदेश प्रमुखले आह्वान गरेपछि हामी बसेर यसको विषयमा टुगोमा पुग्ने हौ तर नेतृत्वको विषयमा भने कुनैपनिको औपचारिक सहमति नभएको जानकारी दिए ।तर नेपाली काँग्रेसलाई मुख्यमन्त्री र भौतिक पुर्वाधार मन्त्रालय र सभामुख पद पाउने पक्षमा जसपा देखिएका छन ।

लोकतान्त्रिक समाजवादी पार्टीकी नेतृ एवं एवं प्रदेश सभा रानी शर्मा तिवारी अहिले सम्म नेतृत्वको विषयमा सहमति भएको छैन ,लोसपाले विगतमा सरकार बनाएको हो विश्वासको मत पाउन नसकेपछि अहिलेको अवस्था सृजना भएको नयां कोर्ष त्यहीबाट सुरु हुनुपर्छ नेतृत्वमा हाम्रो दावि छ ।

लोसपाका महासचिव डा. सुरेन्द्र झा पनि सोनलकै नेतृत्वमा ७ दलीय गठबन्धनले दाबी पेस गर्ने बताउँछन् ।

'अहिलेसम्म ६ दलको गठबन्धनको नेता सोनलजी नै हो । उहाँलाई नै मुख्यमन्त्रीको रूपमा ६ दलले समर्थन गरेको हो,' झाले भने, '१६८ (३) बमोजिम तत्कालीन प्रदेश प्रमुखले एमाले नेता सरोज यादवजीलाई मुख्यमन्त्री बनाउने कुरा बाहिरिएपछि उहाँ हाम्रो गठबन्धनमा मिसिनु भएको हो ।'

१६८ (२) बमोजिमको सरकार गठन भए कांग्रेसको नेतृत्वमा सरकार बनाउने भनेर एमालेले कृष्ण यादवलाई भने पनि १६८ (३) बमोजिम नियुक्त हुन लागेको बुझेपछि आफूहरूको गठबन्धनमा यादव मिसिएको उनले बताए ।

'कांग्रेसको दाबीलाई पनि हामीले स्वाभाविक रूपमा नै लिन्छौं । तर, हाम्रो जसरी अपमान भयो, आन्दोलनको स्थिति यहाँसम्म आयो, त्यसमा हामीले आफ्नो दाबी छाड्ने कुरा हुँदैन,' झाले थपे, 'सभामुख र विभिन्न मन्त्रीसहितको विषयमा कसरी पावर शेयरिङ गर्ने छलफल गरेर सहमति गर्छौं ।'

संघमा नेपाली कांग्रेसलाई लोसपाले निरन्तर समर्थन गर्दै आएको हुनाले कांग्रेसले मधेशमा लोसपालाई निःशर्त समर्थन गर्नुपर्ने उनको कथन छ । यद्यपि, सबै विषयमा ७ दलीय गठबन्धनको बैठक बसेर सहमति निकालिने उनले बताए ।

यता, नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव भने अब नेपाली कांग्रेसकै नेतृत्वमा सरकार बन्नु पर्ने बताउँछन् ।

'मधेशमा जसपाको दुई पटक, जनमतको एक पटक, लोसपाको एक पटक र एमालेको पनि एक पटक सरकार बनिसक्यो,' यादवले भने, 'त्यसैले अब कांग्रेसको नेतृत्वमा नै सरकार बनाउन नेपाली कम्युनिस्ट पार्टीसहित मधेशवादी दल तयार हुनुपर्छ ।'

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादवको नेतृत्वमा नै अब सरकार बन्नुपर्ने उनले बताए । कांग्रेसको नेतृत्वमा सरकार बनेन भने कांग्रेस ७ दलीय गठबन्धनबाट बाहिरिने र सरकारमा समेत नजाने उनको चेतावनी छ ।

'कांग्रेसको नेतृत्वमा सरकार बनेन भने कांग्रेस अर्को कसैको नेतृत्वमा बन्ने सरकारमा पनि सहभागी हुँदैन,' यादवले थपे, 'अहिले ७ दलीय गठबन्धनमा कांग्रेस रहे पनि त्यसपछि गठबन्धनबाट पनि बाहिरिन्छ ।'

**एमालेसंग काँग्रेस चिढिएपछि एमालेलाई ठुलो धक्का**

तत्कालिन मुख्यमन्त्री जितेन्द्र सोनल विश्वासको मत प्राप्त गर्ने आधार नदेखिएपछि राजिनामा दिएका बेला सम्म नेपाली काँग्रेस र नेपाल एमाले एकै ठाउमा नै थिए । दुवै दल सोनलललाई विश्वासको मत नदिएर विपक्षमा बस्ने निर्णय गरेर सोही अनुसार प्रदेश सभामा प्रस्तुत समेत भएका थिए ।

तर सोनलले असफल भएपछि नेपाली काँग्रेसलाई लागेको थियो नेकपा एमाले र केही साना दलले मिलाएर आफुलाई मधेस प्रदेश सरकारको नेतृत्वमा सहयोग गर्ला तर त्यो हुन सकेनन । नेकपा एमालेले प्रदेशको सबै भन्दा ठुलो दलको हैसियतमा तत्कालिन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई प्रभावमा लिएर संविधानको धारा १ सय ६८ को ३ अनुसार सबै भन्दा ठुला दलको हैसियतमा नेकपा एमालले सरकारको नेतृत्व लिए । त्यसपछि नेपाली काँग्रेस एमालेबाट चिढिदै विपक्षी दलहरुको कित्तामा पुगे । जो नेकपा एमालेको लागि नै घातक सिद्ध भयो । आन्दोलन गर्न थालेपछि मुख्यमन्त्रीको सपथ जनकपुरधाममा सम्भव नभएपछि प्रदेश प्रमुख सुवेदी बिरामीको बहाना बनाउदै काठमाडौं जाने क्रममा बर्दिवासको पानस होटलमा सपथ गराईन । जसको चर्को विरोध र आलोचना भयो । संघीय सरकारले प्रदेश प्रमुखलाई पद अनुकल आचरण नगरेको भन्दै बर्खास्त गरे । नेपाली काँग्रेस सहित सात दल संविधानको धारा १य ६८को २ अनुसार सरकार निर्माण हुनुपर्ने माँग गर्दै सर्वोच्च अदालतमा मुद्दा दर्ता गराए । सोही क्रममा नेकपा एमालेबाट प्रदेशका सभामुख बनेका रामचन्द्र मण्डलको विरुद्धमा समेत सात दलले पद अनुकल आचरण नगरेको भन्दै प्रस्ताव दर्ता गराएर हटाए ।

सर्वोच्च अदालतले "मुख्यमन्त्री नियुक्तिको विषय यथाशीघ्र टुङ्गो लगाउन वाञ्छनीय देखिएकाले प्रस्तुत आदेश प्राप्त भएको मितिले चौबीस घण्टाभित्र मुख्यमन्त्रीमा नियुक्त सरोजकुमार यादवलाई संविधानको धारा १६८(४) बमोजिमको विश्वासको मत लिने प्रस्ताव," सर्वोच्चद्वारा जारी आदेशमा भनिएको छ, "प्रदेश सभामा निर्णयार्थ पेस गरी÷गराई विश्वासको मत प्राप्त गरेमा सोहीबमोजिम र प्राप्त गर्न नसके संविधानको धारा १६८(२) बमोजिम सरकार गठन वा मुख्यमन्त्री नियुक्त हुने विकल्प समेतका विषयमा आवश्यक र उपयुक्त पहल गरी अर्को सरकार गठन वा मुख्यमन्त्री नियुक्ति गर्नू ।" जो एमालेको लागि अर्को धक्का थियो ।

**अन्य प्रदेशमा समेत पर्ला प्रभाव**

नेपाली काँग्रेस र नेकपा एमाले बिचमा मधेस प्रदेशमा तिक्ता देखिएपनि अन्य प्रदेशमा भने दुई दलको गठबन्धनको सरकार रहेको छ । यति मधेस प्रदेशमा नेपाली काँग्रेसले एमालेलाई छाडेर सरकार बनायो भने अन्य प्रदेशमा समेत यसको प्रभाव पर्ने निश्चित छन । यति ठुलो खरता नपाली काँग्रेस मोल्न भने चादैनन । महाधिवेसनको मुखमा काँग्रेस प्रदेशको राजनितिमा भद्रगोलको साक्षी नबन्ला भन्ने देखिएको छ । यस्तो अवस्थामा नेपाली काँग्रेस आफनो नेतृत्वमा सरकार बनाएर नेकपा एमालेलाई समेत केही मन्त्रालय दिएर साथ लैजाने सक्ने छन । जेन्जी आन्दोलन पछि दुवै पार्टी निकै कमजोर बनेका छन । यस्तो अवस्थमा एक अर्काको साथ स सहयोगको आवश्यकता दुवै दललाई रहेको छ । त्यसकारणले समेत नेपाली काँग्रेस एमालेलाई चिढाएर अगाडि बढने अवस्थामा भने छैन ।

अर्को पक्ष भने राष्ट्रिय सभाको निर्वाचन रहेको छ । दुवै दल राष्ट्रिय सभाको निर्वाचनमा गठबन्धनको तयारीमा रहेको छ । दुवै दल मिलेको खण्डमा मधेसमा हैन अधिकाँस राष्ट्रिय सभामा उनिहरु जित्ने पक्का देखिएको छ । यस्तो अवस्थामा समेत गठबन्धनमा नेकपा एमालेलाई हटाएर जाने पक्षमा काँग्रेस जादैनन । मधेसमा भने जनमत समेत राष्ट्रिय सभा निर्वाचन एक सिट लिएर काँग्रेस,एमालेसंग जाने दाउमा रहेका छन ।

मधेस प्रदेशमा नेकपा एमाले २५,नेपाली काँग्रेस २२,जसपा नेपाल १९,जनमत पार्टी १३,माओवादी केन्द ९,लोसपा ९,माओवादी केन्द्र ९,एकिकृत समाजवादी ७,नागरिक उन्मुक्ति पार्टी १,राप्रपा १,नेपाल संघीय समाजवादी पार्टी १ रहेका छन । जस मध्ये नेकपा एमालेको १,जसपा नेपालका १ र लोसपाका १ जना प्रदेश सभा सदस्य निलम्बीत छन ।

# मधेशमा सरकार गठनकालागि प्रदेश...

राजिनामा घोषणा गरेका हुन् ।

संविधानको धारा १६८को उपधारा ३ बमोजिम ठूलो दलको हैशियतमा तत्कालिन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी गत कातिक २३ गते नियुक्ति गरेपछि ७ दलका ७४ प्रदेशसभा सदस्यहरुले नियुक्ति असंवैधानिक रहेको भन्दै सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए । सो रिटको सुनुवाई गर्दै मंसिर १५ गते सर्वोच्च अदालतले मुख्यमन्त्री यादवलाई २४ घण्टा भित्र विश्वासको मत लिनका लागि परमादेश जारी गरेको थियो ।

सोही परमादेश अनुसार आज विश्वासको मत लिनकालागि मधेस प्रदेशसभाको बैठक आह्वान गरिएको थियो । प्रदेश सभामा बोल्दै मुख्यमन्त्री यादवले उनले ठूलो दलको हैसियतले मुख्यमन्त्रीमा नियुक्त हुँदा सडकबाट ७ दलका सांसदले सडक नाटक मञ्चन गरेको आरोप लगाएका हुन् ।

मुख्यमन्त्री यादवले नेकपा एमाले संसदीय दलका नेता मुख्यमन्त्रीमा नियुक्त भएपछि प्रदर्शन, तोडफोड, राष्ट्रिय झण्डाको अपमान गरिएको आरोप लगाए। उनले भने, 'नेकपा एमालेसँग आँखामा आँखा जुधाएर कुरा गर्न सक्ने अवस्था पनि छैन। संघीयतालाई जोगाउन छाडेर दलको आचरण संघीयता विरोधी भएर तोडफोडमा उत्रिनु सांसदकै बेइज्जत हो ।'

- **५१ दिनमा मधेसमा ३ मुख्यमन्त्रीको राजिनामा**

मधेसका मुख्यमन्त्री सरोजकुमार यादवले राजिनामा दिएका छन् । मुख्यमन्त्री नियुक्ति विवादलाई लिएर सर्वोच्च अदालतमा कार्तिक २४ गते र कार्तिक २५ गते रिट दर्ता भएको थियो । सोही रिट दर्ताको सुनुवाई गर्दै सर्वोच्च अदालतले मधेसका मुख्यमन्त्री यादवलाई सोमबार अबेर साँझ २४ घण्टा भित्र विश्वासको मत लिन परमादेश जारी गर्यो । सर्वोच्चले जारी गरेको परमादेश अनुसार मुख्यमन्त्री यादवले विश्वासको मत लिनका लागि बुधबार बोलाइएको प्रदेशसभा बैठकमा आफ्नो मन्तव्य राख्दै रोष्टमबाटै राजिनामाको घोषणा गरे ।

उनको राजिनामा संगै मधेसमा ५१ दिनको अवधिमा मधेसमा ३ मुख्यमन्त्रीले राजिनामा दिएका हुन् । तीनै मुख्यमन्त्रीले विश्वासको मत लिन नसक्दै पदबाट राजिनामा दिएका हुन् । जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतिशकुमार सिंहले असोज २८ गते, लोसपाबाट मुख्यमन्त्री बनेका जितेन्द्र सोनलले कार्तिक २२ गते र एमालेबाट मुख्यमन्त्री बनेका सरोजकुमार यादव बुधबार मंसिर १७ गते पदबाट राजिनामा दिएका हुन् ।

मुख्यमन्त्री यादवको राजिनामा आएपछि मधेसमा सवोच्चको परमादेश अनुसार फेरी संविधानको धारा १६८को उपधारा २ बमोजिम सरकार गठन प्रकृया अगाडि बढ्ने भएको छ ।

२०८२ साल जेठ २३ गते जसपा नेपालबाट मुख्यमन्त्री बनेका सरोजकुमार यादवले प्रदेशसभाबाट विश्वासको मत गुमाएपछि २०८२ साल जेठ २५ गते जनमतबाट सतिश सिंह नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकिकृत समाजवादी पार्टी, नागरिक उन्मुक्ति र संघिय समाजवादी पार्टीको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । तर गत भदौ २३ गते देशैभरी चर्किएको जेन्जी आन्दोलनपछि तत्कालिन मुख्यमन्त्री सिंहले सामाजिक सञ्जाल मार्फत २०८२ साल भदौ २४ गते पदबाट राजीनामा दिएका थिए । तर पछि तत्कालिन मुख्यमन्त्री सिंह सामाजिक सञ्जाल मार्फत दिएको राजिनामाबाट पछि हटेपछि उनीविरुद्ध जनमत पार्टीका साथै सत्तारुढ दल नै विपक्षमा उभिएका थिए । २०८२ साल असोज २८ गते विश्वासको मतका लागि डाकिएको बैठकमा मन्तव्य राख्दै विश्वासको नलिँदै रोष्टमबाटै राजिनामा घोषणा गरेका थिए ।

त्यसको एक दिन नबित्दै लोसपाका जितेन्द्र सोनल ६ दलका ५७ प्रदेशसभा सदस्यहरुको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए । तर सोनलले गत कात्तिक २२ गते विश्वासको मत लिँदा माओवादीका दुई जना र जनमत पार्टीका दुई जना प्रदेशसभा सदस्यहरुले साथ नदिने देखिएपछि विश्वासको मत लिनुअघि नै मुख्यमन्त्री सोनलले पदबाट राजीनामा दिए । तर सभामुख मण्डलले मुख्यमन्त्री सोनलले विश्वासको मत प्राप्त गर्न नसकेको भन्दै अर्को मुख्यमन्त्री बनाउन बाटो खोलिदिए । त्यसपछि संविधानको धारा १६८ को उपधारा ३ अनुसार तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले एमाले संसदीय दलका नेता सरोज यादवलाई कात्तिक २४ गते बिहानै साढे ५ बजे बर्दिबासको एक होटलमा मुख्यमन्त्रीको सपथ ग्रहण गराएकी थिइन् ।

यादवको नियुक्तिलाई लिएर कातिक २४ गते नै सर्वोच्च अदालतमा रिट दर्ता भए भने कातिक २५ गते मधेसका ७४ प्रदेशसभा सदस्यहरुले पनि मुख्यमन्त्री नियुक्तिविरुद्ध रिट दर्ता गराएका थिए ।

सोही रिटको सुनुवाई गर्दै सर्वोच्च अदालतले मंसिर १५ गते सोमबार अबेर साँझ २४ घण्टा भित्र विश्वासको मत लिन परमादेश जारी गरेको थियो । प्रदेशसभामा एक्लिएको एमाले संसदीय दलको नेता समेत रहेका सरोजकुमार यादव विश्वासको मत लिने झिनो सम्भावना पनि नदेखेपछि पदबाटै राजिनामा गरेका हुन् ।

# महोत्तरीमा कोदोखेतीको क्षेत्रफल बढ्दै

**महोत्तरी ।**
पछिल्ला केही वर्षयता जिल्लामा कोदोखेतीको क्षेत्रफल बढ्दै गएको छ । चार दशक पहिले मुख्यबालीका रूपमा मानिएको कोदोको प्रयोग पछिल्लो केही वर्षयता कम हुँदै गएपनि स्वास्थ्यका दृष्टिकोणले कोदो उपयुक्त मानिने भएकाले यसको प्रयोगकर्तासँगै खेतीको क्षेत्रफल पनि बढ्दै गएको हो ।



आर्थिक वर्ष २०७८÷२०७९ मा जिल्लामा ३०० हेक्टर क्षेत्रफलमा भएको कोदोखेती गत आवमा आइपुग्दा ३७५ हेक्टरमा विस्तार भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । चालु आवमा करिब ४०० हेक्टरभन्दा बढी क्षेत्रफलमा खेती भएको कार्यालयका सूचना अधिकारी अविरलकुमार महतोले जानकारी दिए ।

'चार दशक पहिले कोदो जिल्लाको मुख्यबालीका रूपमा रहेको तत्कालीन समयका कृषि विज्ञले बताउनुभएको थियो । तर कार्यालयमा यकिन तथ्याङ्क र कुनै अभिलेख भने भेटिएन', कार्यालयका कृषि विज्ञसमेत रहनुभएका महतोले भने, 'तर पछिल्ला तीन–चार वर्षयता कोदोखेती अलिअलि गरेर बढेको छ ।' उनका अनुसार चार वर्षयता कोदोबाली लगाउने क्षेत्रफलसँगै उत्पादन पनि बढेको छ ।

'आर्थिक वर्ष २०७८÷२०७९ मा ३३० मेट्रिकटन उत्पादन भएको थियो, त्यसयता यो बर्सेनि अलिअलि बढ्दै गएको छ । आव २०८१÷८२ मा आइपुग्दा ४१३ मेट्रिकटन उत्पादन भएको छ', सूचना अधिकारी महतोले भने, 'यसपालिको हिउँदे बाली धमाधम काट्ने, माड्ने र थन्क्याउने काम भइरहेकाले तथ्याङ्क सङ्कलनमा केहीदिन लाग्न सक्छ, तर जिल्लाभरिबाट प्राप्त सूचनाका आधारमा यसपालि करिब ५०० मेट्रिकटन उत्पादन पुग्ने आकलन गरिएको छ ।'

पछिल्ला केही दशकयता असन्तुलित खानपिन र दूषित वातावरणले मधुमेहलगायत नसर्ने रोग बढ्दै गएको छ । रगतमा चिनीको मात्रा बढ्ने समस्या देखिन थालेसँगै यसको नियन्त्रणका लागि कोदोको प्रयोग बढाउन चिकित्सकले सुझाव दिँदै आएका छन् । सोही कारणले यहाँका किसानले पनि पुनः कोदोखेती विस्तार गर्दै लगेका महतोले धारणा राखे ।

बर्दिबास नगरपालिका–२ बुद्धचोकका श्याम यादवले यसपालि आफैँले कोदोखेती गरेको बताए । मधुमेहको मात्रा बढेपछि चिकित्सकले कोदोका परिकार सेवान गर्नु प्रभावकारी हुने सल्लाह दिएपछि करिब चार कठ्ठामा खेती गरेको उनको भनाइ छ ।

'चिकित्सकले खानेकुरामा कोदोको परिकार बढाउन सल्लाह दिएका छन् । किनेर उपभोग गर्न पनि बजारमा प्रशस्त मात्रामा भेटिँदैन, त्यसैले यसपालि आफैँले कोदो लगाएको हुँ', यादवले भने, 'वर्षभरिलाई एक छाक खान पुग्ने कोदो फलेको छ, यसले स्वास्थ्य सुधार हुने विश्वास छ ।' आगामी वर्ष खेती विस्तार गर्ने योजना बनाएको उनले उल्लेख गरे ।

भङ्गाहा नगरपालिका–४ का गङ्गाराम महतो र सोही बस्तीका भरतराज बरालले पनि बाँझो बारीमा आफैँले कोदोखेती गरेका छन । महतोले पाँच कठ्ठा र बरालले तीन कठ्ठामा कोदो लगाएका थिए । कोदो अरु अन्नबालीभन्दा पानी र खडेरी बढी खप्ने, कीरा र रोगको सङ्क्रमण कम हुने र यो लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले खेती गर्न सजिलो हुने महतोले बताए । महतो र बराल दुवैले स्वास्थ्य जाँचपछि रगतमा चिनीको मात्रा नियन्त्रणका लागि कोदोको परिकार उपयुक्त हुने चिकित्सकको सल्लाहपछि खेती गर्न लागेको बताए ।

'नजानेको÷नबुझेको बाली होइन, २०४० सालअघि एक बिघासम्ममा पिताले खेती गर्नुहुन्थ्यो । पिताजीको निधनपछि यसको खेती गर्न छाडिएको थियो', महतोले भने, 'अब आफ्नै खानपिनका लागि फेरि यो खेती बढाउने निर्णयमा पुगेको छु ।' चार दशकअघि कोदो बिक्री गर्दा पनि कम मूल्य पाइने भएपछि खेती गर्न छोडेको उहाँको भनाइ छ । 'अहिले धान, गहुँभन्दा यसको मूल्य बढी पाइने अवस्था छ । आर्जनका लागि पनि कोदोखेती बढाउँदै लग्ने योजना छ', महतोले भने ।

पछिल्लो समय कोदोको खपत बढेसँगै उत्पादन पनि बढ्न थालेको छ । यसको मुख्य कारण मधुमेहका बिरमीको सङ्ख्या बढेसँगै बजारमा कोदोको माग र मूल्य दुवै बढेको पूर्ववरिष्ठ कृषि विज्ञ रामबहादुर भुजेलले बताए । कोदोमा पाँचदेखि आठ प्रतिशतसम्म प्रोटिन हुने, यो शारीरिक विकासमा सहयोगी हुने, 'ग्लुटेनफ्री' हुने र मधुमेहका बिरामीका लागि रोग नियन्त्रण गर्न सहयोगी हुने भएकाले यसको उपयोग बढाउनुपर्नेमा बर्दिबास नगरका स्वास्थ्य शाखा प्रमुख एवं वरिष्ठ जनस्वास्थ्य निरीक्षक सुरेश पासवानले जोड दिए । साथै कोदोमा फाइबर बढी पाइने हुँदा यसको सेवनले तौल सन्तुलन गर्न र रगतमा चिनीको मात्रा नियन्त्रण गर्न सहयोगी हुने उनको भनाइ छ ।

प्रोटिन, क्याल्सियम, आइरन, म्याग्नेसियम, पोटासियमलगायत पौष्टिक तत्व कोदोमा पर्याप्त मात्रामा हुने हुँदा यसका परिकार स्वस्थ्यकर हुने स्वास्थ्यकर्मी बताउँछन् । अहिले कोदोको माग र मूल्य बढेसँगै किसान यसको खेतीमा आकर्षित हुँदै गएका छन् ।

स्थानीय सरकारले आ–आफ्ना कृषि शाखामार्फत उन्नत जातका कोदोको बीउ, प्राविधिक सल्लाह र रेखदेख तथा आवश्यक प्रविधिमा सहयोग बढाएमा यसको क्षेत्रफलसँगै उत्पादनसमेत बढ्ने अखिल नेपाल किसान महासङ्घका केन्द्रीय सदस्य लक्ष्मण महतोले बताए ।रासस

# वीरगञ्ज भन्सारले चार महिनामा उठायो ३३ अर्ब राजस्व

**पर्सा ।**
वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम चार महिनामा पाँच प्रकारका पेट्रोलियम पदार्थको आयातबाट २२ अर्ब ९० करोड र यातायातका साधन एवं तिनका पार्टपुर्जाबाट १० अर्ब १० करोड रुपैयाँ राजस्व उठाएको छ ।

कार्यालयले चालु आवको चार महिनामा फलाम तथा फलामबाट बनेका सामानबाट चार अर्ब ५८ करोड रुपैयाँ , कपडाबाट चार अर्ब २५ करोड रुपैयाँ , मेसिनरी तथा पार्टपुर्जाको आयातबाट तीन अर्ब १७ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा आयातबाट तीन अर्ब सात करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

चालु आवको चार महिनामा वीरगञ्जबाट दुई खर्ब ८४ अर्ब ८९ करोड रुपैयाँ मूल्य बराबरका वस्तु आयात भएका छन् ।

कार्यालयले चालु आवमा ७५ अर्ब ५९ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको जनाएको छ ।रासस

# ई–रिक्सा र पिकअप ठोक्किँदा ७ जना घाइते

**रौतहट ।**
रौतहटको सदरमुकाम गौर–चपुर सडकखण्डअन्तर्गत शुकदेव चौक र जयनगरबीच आज दिउँसो भएको सवारी दुर्घटनामा ७ जना घाइते भएका छन् ।

चपुरबाट गौरतर्फ गइरहेको प्रदेश–२–०३–००१ ह १०७४ नम्बरको इ–रिक्सा र विपरीत दिशाबाट आउँदै गरेको विआर ०६ जेजी ५४०४ नम्बरको पिकअप एक–आपसमा ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालका अनुसार घाइतेमध्ये ३४ वर्षीय इ–रिक्सा चालक जनसेद आलम (यमुनामाई–४) रहेका छन् ।

त्यसैगरी सर्लाही बरहथवा–२ की रिन्कु बैठा, उनका सन्तान अनुश्का बैठा, अन्निया बैठा, आयुष बैठा, रोमन बैठा र माधवनरायण–सखुवाबाट आएका २० वर्षीय राम विश्वास बैठा पनि घाइते भएका हुन् ।

दुर्घटनापछि पिकअप चालक सन्तोष कुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय गरुडामा पठाइएको प्रहरीको भनाइ छ ।



## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ , नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| १)ऋणीको नाम र ठेगाना |
| --- |
| क) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६७ साल आश्विन महिना १९ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय पर्सा वीरगंजमा दर्ता भै घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ५०६७/०६७/६८, अन्तर्गत दर्ता कायम भएको तथा लखनपुर गा.वि.स ३, पर्सा कार्यालय रहेको श्री **आशा इटा उद्योग** (प्रो. सुशलिा साह) । |
| **कर्जाको सुरक्षण विवरण** |
| क) महिन्द्रा एण्ड महिन्द्रा स्वराज गाडि नम्बर **ना ७ त ३४३७** को च्यासिस नं. **MBNAN48AEKTB59285** र ईन्जिन नं. **391359/SAB01227** को ट्रेक्टर । |
| ख) POWERTRAC 45 LM गाडी नम्बर **ना ७ त १४५२** को च्यासिस नं. **TO53404984FG** र ईन्जिन नं. **E3454980** को ट्रेक्टर । |
| ग) EICHER गाडी नम्बर **ना ६ त ५६५२** को च्यासिस नं. **925813130681** र ईन्जिन नं. **S325H85294** को ट्रेक्टर । |
| घ) गाडी नम्बर **प्रदेश २ ०३ ००१ क ११३** को च्यासिस नं. **ECE07611EK023316** र ईन्जिन नं. **E4368TFE3501726** को **ESCORT XTREME BACKHOE LOADER .** |
| **व्यक्तिगत जमानीकर्ताहरु :** |
| क) ढोडा सा कानुको नाती ,रामदयाल प्रसाद कानुको छोरा,जिल्ला पर्सा ,पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५ ,जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) **वर्ष २६ को धन्नजय कुमार कानु ।** |
| ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८० को ढोडा सा कानु ।** |
| ग) नाम गोवर्धन सा कानुको बुहारी ,ढोडा सा कानुको पत्नी ,जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) **वर्ष ८४ की गोलीया देवी कनुइन ।** |
| घ) रघुनाथ प्रसाद साह कानुको छोरी,राम दयाल प्रसाद कानुको बुहारी ,धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का.,पर्सा) **वर्ष ३५ की सुधा गुप्ता ।** |
| ङ) शिवसाह कानुको छोरी ,ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ ,हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का,पर्सा) **वर्ष ५२ की सुशीला साह (प्रोप्राइटर) ।** |
| च) ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा,पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का. ,पर्सा) बर्ष २१ को **उषा कुमारी ।** |
| छ) गोवर्धन सा कानुको नाती ,ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना. प्र. नं. ०९४६१९७४,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ८१ बर्ष को **रामदयाल प्रसाद कानु ।** |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ;
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ;
टेडारोड, चोर्नी, (जीतपुर) ;बर्दिबास, बरहथवा ।


# सिरहाका किसान पारिवारिक निजी वनतर्फ आकर्षित



**सिरहा ।**
घरेलु स्तरमा वन व्यवस्थापनलाई प्रोत्साहन गर्ने उद्देश्यले सुरु गरिएको पारिवारिक निजी वन कार्यक्रमप्रति यहाँका किसान आकर्षित भएका छन् ।

निजी जग्गामा फलफूलयुक्त, व्यावसायिक काठका प्रजाति तथा बहुउपयोगी बोटबिरुवा रोपेर दीर्घकालीन आय–आर्जन वृद्धि गर्न सकिने सम्भावना देखिएपछि किसान यसतर्फ आकर्षित भएका हुन् ।

पारिवारिक निजी वन सङ्घ नेपाल सिरहाका अध्यक्ष रविन लामाका अनुसार जिल्लामा चुरे क्षेत्र भएर बग्ने बलान, बताहा र कमला गरी तीन वटा नदी प्रणालीअन्तर्गत २० वटा समिति निर्माण गरी किसानले बाँझो जमिनमा छिटो हुर्कने तथा धेरै आम्दानी प्राप्त विभिन्न २० प्रजातिका बिरुवा लगाउन थालेका छन् । आज लहानमा आयोजित एक कार्यक्रममा अध्यक्ष लामाले परिवारिक निजी वनको महत्व स्पष्ट पार्दै यसले कृषक परिवारलाई बर्सेनि स्थिर आय उपलब्ध गराउनुका साथै वातावरण संरक्षण, माटो कटान रोकथाम र जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पु¥याएको बताए ।

उनले भने, 'गाउँगाउँमा सञ्चालन भइरहेको नर्सरी र वन कार्यालयको सहुलियतपूर्ण कार्यक्रमले किसानलाई सजिलै बिरुवा उपलब्ध गराइँदै आएको छ ।'


उनका अनुसार सिरहाको दक्षिणी क्षेत्र जहाँ सामुदायिक वनसँगको पहुँच टाढा छ, उक्त क्षेत्रका सङ्गठित किसानले यस्ता बोटबिरुवा रोपेर पाँच–दश वर्षभित्र काठ, सुपारी, बाँस, जडीबुटी तथा फलफूल बिक्रीबाट राम्रो आम्दानी गर्न सक्ने छन् ।

वन विशेषज्ञ तथा चुरे उत्थानशील आयोजना नेपालका उपप्रबन्धक विष्णुहरि पौड्यालले स्थानीय तहले पारिवारिक निजी वनसँग सम्बन्धित ऐन, प्राविधिक तालिम, अनुगमन तथा बजार व्यवस्थापनमा सहयोग बढाउनुपर्नेमा जोड दिए । उनले पारिवारिक निजी वनकर्तालाई नीतिगत प्रोत्साहन, मूल्य श्रृङ्खला विकास, वनजन्य उत्पादनको बजार पहुँच र प्रशोधन उद्योग विस्तार गरी ग्रामीण अर्थतन्त्रको आधार उकास्न सकिने धारणा राखे ।

पारिवारिक निजी वन सङ्घ नेपालका केन्द्रीय अध्यक्ष जोगराज गिरीले पारिवारिक निजी वन विस्तार हुँदै जाँदा आयआर्जन मात्र नभएर वन दबाब न्यूनीकरण र हरियाली वृद्धि भएको बताए । लहान—३२ का वडाध्यक्ष बद्री यादवले बलान नदीले तटिए क्षेत्रमा ठूलो कटान गरिकाले उक्त नदी उकास क्षेत्रमा वृक्षरोपण गर्नुपर्ने आवश्यकता औँल्याए ।रासस

# सिरहामा सिटी रिक्सामा मनपरी भाडा

**सिरहा ।**
जिल्लाभर करिब ३ हजारभन्दा बढी सिटी रिक्साहरू चल्न थाले पनि भाडादरमा कुनै स्पष्ट र नियमित व्यवस्था नहुँदा सर्वसाधारण दैनिक रूपमा मनपरी शुल्क तिर्न बाध्य बनेका छन् । चारदेखि छ जनाको क्षमता भएका सिटी रिक्सामा ८–१० जना यात्रु कोचेर लैजाने, टिकट वा दररेट नराखी मनचाहा भाडा असुल्ने तथा क्षमताभन्दा बढी यात्रु चढाउँदा दुर्घटना जोखिम बढ्ने समस्या यात्रुहरूले उठाउँदै आएका छन् ।



जिल्ला ट्राफिक कार्यालय सिरहा–लहानका सई अनुरुद भुजेलका अनुसार २०८१÷८२ मा ९० र २०८२÷८३ मा हालसम्म ५० वटा दुर्घटनामा सिटी रिक्साहरू संलग्न रहेका छन् ।

उनका भनाइमा, सिटी र ई–रिक्सा छोटो दूरीका लागि मात्र सञ्चालन गर्न मिल्ने सवारी भएका कारण राजमार्गमा अनुमति बिना चलाउन नपाइने प्रावधान छ । भाडादर तोक्ने अधिकार स्थानीय तहमा भए पनि दररेट नै नतोकिनु ट्राफिक चेकजाँचलाई चुनौती बनेको र उल्टै विभिन्न आरोप ट्राफिक प्रहरीमाथि लाग्ने गरेको छ ।

सिरहा जिल्लामा ११ ट्राफिक प्रहरी बिट रहेका भए पनि प्रभावकारी नियमन नहुनु रहस्यमय रहेको यात्रुहरूको टिप्पणी छ । यात्रुहरूले विशेषगरी मडार–सिरहा, सिरहा–भगवानपुर, भगवानपुर–लहान, लक्ष्मीपुर पतारी–धनगढी, सितापुर–भोटियाटोल, बरियारपट्टी–जिरोमाइल, औरही–कसहासहितका रुटमा मनपरी भाडा असुल्ने प्रवृत्ति व्यापक रहेको बताएका छन् । उता, चालकहरू मासिक ३ सय रुपैयाँ ट्राफिकलाई बुझाउनुपर्ने भन्दै सिटी रिक्सासंघलाई रकम तिर्ने गरेको स्रोतहरू बताउँछन्। यही आर्थिक संरचना र निगरानीको कमीले मनपरी चलन बढेको यात्रुहरूको ठम्याइ छ।

## सम्पादकीय

# द्वन्द्वमा सकिएको एमालेको प्रदेश सभा सत्तायात्रा

मधेश प्रदेश सभामा कात्तिक २४ गतेदेखि पदार्पण भइरहेका दृश्यहरुले नेकपा एमाले क्षति बेहोर्दै रक्षात्मक स्थितिमा पुगेको छ। मधेश प्रदेश सभामा ठूलो दल (२५ सिट) भएको एमालेले नेपाली कांग्रेसलाई बोकेर जनमतलाई सरकार दिएपछि लगातार एमालेभित्र विवाद बढिरहेको थियो। नेतृत्वको पेलान र हस्तक्षेपले सतहमा मौन देखिए पनि भित्रभित्रै बढिरहेको असन्तुष्टि र मनमुटाव अन्ततः एमाले सबै पद गुमाउने अवस्थामा पुगेर द्वन्द्वपछिको सन्नाटामा एक्लै टोलाउने अवस्था बनेको छ। बुधबारकै घटनामा पनि प्रदेश सभामा बहुमत पुगेका दलहरुले पेलेर बिहान ८:३० बजे बैठक आह्वान गर्दा एमाले एक्लो परेको थियो। यस्तो अवस्थामा दलहरुको अंकगणितलाई सम्मान गर्दै मुख्यमन्त्री प्रदेश सभामा जान विलम्ब गर्न जरुरी थिएन। तर द्वन्द्व र आरिषले अन्ततः क्षति एमालेलाई नै भएको छ।

मधेश प्रदेश सभामा कांग्रेसलाई एमालेले जति साथ दियो, त्यसको बदलामा कांग्रेस अर्को गठबन्धनमा गएपछि एमालेलाइ असहयोग भएको हो। शुरुमा यो गठबन्धनमा जनमत बाहिरियो। यसपछि कांग्रेस पनि साथमा नभएपछि एमालेका लागि संकटका दिनहरु शुरु भए। परिपक्व राजनीतिक अनुभव अभावले एमाले गुमाउने क्रममा सबै पद गुमाउने अवस्थामा पुग्दा पनि यसको क्षति दीर्घकालसम्म पर्छ र केही दलहरुले भन्ने गरेको 'एमालेरहित मधेश सभा'को कल्पना साकार हुन्छ भनेर एमालेले समीक्षा गरेको थाहा भएन र अझै पनि एमाले समीक्षाको चरणमा जान्छ भनेर कल्पना गर्न सकिँदैन। केही एमालेका दिग्गज नेताहरुसँग मधेशदृष्टि गरेको सम्वादमा यस्तो समय आउन अझै निकै बाँकी भएको उनीहरुको संकेत छ। अरु दलका नेता, भारत, देशीविदेशीलाई गाली गर्ने काममै अहिले एमालेका नेताहरुको होडबाजी छ।

एमालेले प्रदेश प्रमुख गुमाएको छ। यस्तै, सभामुख पनि गुमाएको छ र अब एमालेले मुख्यमन्त्री पनि गुमाएको छ। प्रदेश सभामा एमाले एक्लो परेको छ। एमालेका मधेश इन्चार्ज, यहाँबाट एमालेमा पदाधिकारी भएकादेखि स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय कमिटी, वैकल्पिक केन्द्रीय कमिटी हुँदै प्रदेशका नेताहरु समेत एमालेको यो ओरालो यात्रामा किन मौन छन्, बुझिनसक्नु छ।

# एमडिजिपी स्वास्थ्य प्रणालीका मेरुदण्ड



डा विश्वराज दवाडी

नेपाली समाजमा डाक्टर भन्नेबित्तिकै कि त 'एमबिबिएस' को सामान्य चिकित्सक कि त मुटु, पेट, स्नायु वा मिर्गौलाजस्ता निश्चित अङ्गको उपचार गर्ने 'विशेषज्ञ' भन्ने बुझाइ रहेको छ। तर, नेपालको विषम भौगोलिक बनोट र सीमित स्वास्थ्य पूर्वाधारका लागि यी दुई विधाको बीचमा एउटा यस्तो अत्यन्त महत्वपूर्ण र बहुमुखी विधा छ, जसलाई नेपालको स्वास्थ्य प्रणालीको 'मेरुदण्ड' मानिन्छ–त्यो हो एमडिजिपीअर्थात् 'जनरल प्राक्टिस एन्ड इमर्जेन्सी मेडिसिन' मा विशेषज्ञता।

नेपालको सुदूर पहाडी जिल्ला अस्पतालहरूको सङ्कटकालीन वार्डदेखि काठमाडौँका व्यस्त कर्पोरेट अस्पतालहरूको आकस्मिक विभागसम्म, एमडिजिपी डाक्टरहरूले नेपाली स्वास्थ्य सेवाको मुहार फेरिरहेका छन्। उनीहरूको भूमिका, क्षमता र नेपालले बेहोरिरहेका स्वास्थ्य चुनौतीहरूमाथिको प्रभावका बारेमा धेरै चर्चा हुने गरेको पाइँदैन।

एमडिजिपीलाई धेरैले केबल 'जनरल फिजिसियन' वा 'सामान्य चिकित्सक'को रूपमा बुझ्ने गर्छन्, तर यो बुझाइ पूर्णतया अपूर्ण छ। एमडिजिपी एउटा पूर्णकालीन तीन वर्षे स्नातकोत्तर (पिजी) विशेषज्ञता हो। यो विशेषज्ञताले चिकित्सकलाई आधारभूत चिकित्सा र शल्यक्रियाका विभिन्न विधामा सघन तालिम दिन्छ। एमडिजिपीलाई चिकित्सा क्षेत्रमा 'स्विस आर्मी नाइफ' पनि भनिन्छ। जसरी स्विस आर्मी नाइफमा अनेकन औजारहरू एकीकृत हुन्छन्, त्यसरी नै एक एमडिजिपी डाक्टरले एकैसाथ बालरोग, स्त्रीरोग (प्रसूतिसहित), हाडजोर्नी (अर्थोपेडिक्स), सामान्य शल्यक्रिया (जनरल सर्जरी) र सबैभन्दा महत्वपूर्ण रूपमा आकस्मिक चिकित्साको जिम्मेवारी सम्हाल्न सक्छन्। उनीहरूले बच्चाको भ्याक्सिनदेखि गर्भवतीको जटिल शल्यक्रिया (सिजरियन सेक्सन), भाँचिएको हाडको प्लास्टर र हृदयाघात वा गम्भीर दुर्घटनाको प्रारम्भिक जीवनरक्षक उपचारसम्म गर्नसक्ने क्षमता राख्छन्। यो बहुआयामिक क्षमता नै नेपालको ग्रामीण स्वास्थ्य सेवाका लागि अपरिवर्तनीय बनेको छ।

क) ग्रामीण नेपालमाः 'एक डाक्टर, अनेक अस्पताल'

नेपालका करिब ६० प्रतिशत जनसङ्ख्या बसोबास गर्ने दुर्गम पहाडी भूभागमा स्वास्थ्य सेवाको पहुँच गम्भीर चुनौतीका रूपमा रहेको छ। मुटु, मस्तिष्क वा बालरोग विशेषज्ञहरू ती ठाउँमा पुग्न सम्भव छैन। यही शून्यपनलाई एमडिजिपी डाक्टरहरूले 'फ्रन्टलाइन कमान्डर' बनेर भरिरहेका छन्।

**जीवन बचाउने शल्यक्रिया र प्रसूति सेवा**

डोल्पा, अछाम, ताप्लेजुङ, मनाङ वा दार्चुलाजस्ता भौगोलिक रूपमा विकट जिल्ला अस्पतालहरूमा जब बिरामीलाई जीवन–मरणको सङ्कट आइपर्छ, तत्काल काठमाडौँ वा ठूला सहरमा पठाउन घण्टौँ वा दिनौँ लाग्न सक्छ। उदाहरणका लागि, गर्भवती महिलाको पाठेघरमा बच्चा अड्किँदा वा आन्द्रा फुट्दा (परफोरेटेड एपेन्डिक्स), केही मिनेटको ढिलाइले पनि बिरामीको ज्यान जान सक्छ। यस्तो सङ्कटकालीन घडीमा एमडिजिपी डाक्टरले नै तत्काल अपरेसन गरेर बिरामी बचाउँछन्। सिजरियन सेक्सनमा शल्यक्रिया गरेर आमा र बच्चा दुबैको जीवन बचाउँछन्। उनीहरूले उपलब्ध सीमित स्रोत र उपकरणका बाबजुद पनि 'सर्जरी' र 'प्रसूति' सेवा दिएर ग्रामीण अस्पताललाई 'रिफर सेन्टर' बाट 'उपचार केन्द्र' मा रूपान्तरण गरेका छन्।

**कुशल व्यवस्थापकीय नेतृत्व**

एमडिजिपी डाक्टरहरू केबल उपचारकर्ता मात्र होइनन्, ग्रामीण जिल्ला अस्पतालहरूमा प्रायः उनीहरू नै अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) पनि हुन्छन्। उनीहरूले सीमित बजेट र जनशक्तिका बीच अस्पतालको व्यवस्थापन गर्ने, स्वास्थ्यकर्मीहरूलाई नेतृत्व दिने, आधारभूत ल्याब र औषधिहरू उपलब्ध गराउने र ठूला स्वास्थ्य शिविरहरू आयोजना गर्ने जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका हुन्छन्। उनीहरूको नेतृत्व क्षमताले नै दुर्गमका स्वास्थ्य संस्थालाई चलायमान बनाइराखेको हुन्छ।

**विवेकपूर्ण 'रिफरल' प्रणाली**

एमडिजिपी डाक्टरहरूको व्यापक ज्ञानले गर्दा उनीहरूले बिरामीलाई 'ट्राइज' गर्न सक्छन्। उनीहरूले कुन बिरामीको उपचार गाउँमै सम्भव छ र कसलाई मात्र सहर पठाउनु अनिवार्य छ भन्ने निर्णय क्षमता राख्छन्। यसले गर्दा अनावश्यक रुपमा अन्य अस्पतालहरुमा पठाइने बिरामीहरुको सङ्ख्या कम हुन्छ, जसले बिरामीको लाखौँ रुपैयाँ र समयको बचत गर्नुका साथै ठूला सहरी अस्पतालहरूको अनावश्यक बोझ पनि घटाउँछ।

ख) सहरी क्षेत्रः 'फ्यामिली डाक्टर' को उदय

सहरका ठूला अस्पतालहरूमा विशेषज्ञहरूको भीड भए पनि एमडिजिपी डाक्टरको भूमिका त्यहाँ पनि उत्तिकै महत्वपूर्ण रहेको छ तर निम्न बुँदाहरुको आधारमा त्यस भूमिकालाई फरक ढङ्गले पनि हेर्न सकिन्छः

**होलिस्टिक केयरको पैरवी**

आजको सहरी जीवनशैलीमा हुर्किएका अधिकांश बिरामीहरू सामान्य लक्षणका लागि पनि विशिष्ट विशेषज्ञ कहाँ धाउँदा हैरान हुने गर्छन्। टाउको दुख्दा न्युरोलोजिस्ट, पेट दुख्दा ग्यास्ट्रोलोजिस्ट र छालाको समस्याका लागि डर्माटोलोजिस्ट कहाँ जानुपर्ने बाध्यता छ। एमडिजिपी डाक्टरहरूले यसको साटो बिरामीको समग्र स्वास्थ्य जाँच गर्छन्। उनीहरूले बिरामीको शारीरिक समस्या मात्र होइन, मानसिक स्वास्थ्य, जीवनशैली, पारिवारिक इतिहास र सामाजिक अवस्थालाई पनि बुझेर उपचारको योजना बनाउँछन्। यसले गर्दा सही विशेषज्ञ कहाँ जाने भन्ने अलमल हट्छ र निरन्तर र व्यापक स्वास्थ्य सेवा सुनिश्चित हुन्छ। यसरी उनीहरूले पहिलो सम्पर्क विन्दुका रूपमा कार्य गरेका हुन्छन्।

**इमर्जेन्सी विभागका कमान्डर**

काठमाडौँ, पोखरा वा विराटनगरका अधिकांश ठूला अस्पतालका आकस्मिक विभागको नेतृत्व एमडिजिपी डाक्टरहरूले नै गरिरहेका छन्। दुर्घटना, हृदयघात, स्ट्रोक, वा अन्य आकस्मिक अवस्थाका बिरामीहरू आउँदा उनीहरूले नै तुरुन्तै बिरामीको अवस्था आँकलन गरी 'ट्राइज' गर्छन्–अर्थात् कसलाई पहिला उपचार गर्ने र कुन विशेषज्ञलाई बोलाउने भनेर तत्काल निर्णय गर्छन्। उनीहरूको तीव्र निर्णय क्षमता र बहुआयामिक सीप आकस्मिक सेवाको जीवनरेखा हो।

**दीर्घ रोग व्यवस्थापन**

उच्च रक्तचाप, मधुमेह, थाइराइडजस्ता दीर्घकालीन रोगहरूको नियमित 'फलोअप' र जीवनशैली परामर्शका लागि एमडिजिपी डाक्टरहरू सबैभन्दा उपयुक्त मानिन्छन्। उनीहरूले बिरामीसँग दीर्घकालीन सम्बन्ध स्थापित गरी रोगलाई नियन्त्रणमा राख्न र जटिलताहरू आउन नदिन मद्दत गर्छन्।

**भविष्यको मार्गचित्र**

*एमडिजिपी डाक्टरहरूको यति धेरै महत्व हुँदाहुँदै पनि नेपालमा उनीहरूले उचित पहिचान र प्रोत्साहन पाउन सकेका छैनन्। यस विधाका डाक्टरहरूले सामना गरिरहेका केही मुख्य चुनौतीहरू यस प्रकार छन्ः*

**सरकारी दरबन्दीको कमीः** सरकारले जिल्ला अस्पतालहरूमा एमडिजिपी डाक्टरहरूको आवश्यक सङ्ख्यामा स्थायी दरबन्दी सिर्जना गर्न सकेको छैन।

**प्रोत्साहनको अभावः** दुर्गममा काम गर्ने एमडिजिपीहरूलाई पर्याप्त आर्थिक सुविधा, आवास, र करियर विकासको अवसर नहुँदा उनीहरू सहरी क्षेत्रमा वा विदेश पलायन भइरहेका छन्।

**जनमानसमा गलत बुझाइः** विशेषज्ञको रूपमा स्पष्ट पहिचान नहुँदा बिरामीहरूले पनि उनीहरूको क्षमतालाई कम आँक्ने गरेको अवस्था अझै पनि छ।


यसमा निक साइमन्स इन्स्टिच्युट जस्ता संस्थाहरूले ग्रामीण क्षेत्रमा एमडिजिपी डाक्टरहरूलाई पठाउन प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् तर यो दीर्घकालीन समाधान होइन। राज्यले अब एमडिजिपीलाई प्राथमिकता प्राप्त विशेषज्ञ मानेर तत्कालै कदम चाल्नुपर्छ। प्रत्येक जिल्ला अस्पतालमा अनिवार्य एमडिजिपीको दरबन्दीः कम्तीमा दुईदेखि तीन जना एमडिजिपी विशेषज्ञहरूको स्थायी पद सिर्जना गरिनुपर्छ। दुर्गम भत्ता र विशेष प्रोत्साहन प्याकेज ल्याएर दुर्गममा काम गर्न आकर्षक तलब, सुविधा र शैक्षिक अवसरहरू प्रदान गर्नुपर्छ। 'फ्यामिली मेडिसिन' को रूपमा विकास गरी सहरी क्षेत्रमा 'फ्यामिली डाक्टर'को अवधारणालाई स्थापित गर्नुपर्छ, जसले एमडिजिपीहरूको पहिचानलाई अझ बलियो बनाउन आवश्यक छ।

**निष्कर्ष**

नेपालको विकट भौगोलिक वास्तविकतालाई हेर्दा हामीलाई हरेक विधाका 'माइक्रो–स्पेसलिस्ट' भन्दा पनि सबै विधाको आधारभूत ज्ञान, शल्यक्रियाको सीप र आकस्मिक सेवाको क्षमता भएका एमडिजिपी डाक्टरहरूको खाँचो बढी छ। जबसम्म गाउँको स्वास्थ्य चौकीलाई केबल रिफर गर्ने ठाउँबाट जीवन बचाउन सक्ने 'उपचार केन्द्र' मा बदल्न सकिँदैन, तबसम्म लाखौँ नेपाली गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित भइरहनेछन्। यो दूरदृष्टिलाई साकार पार्नका लागि एमडिजिपी विशेषज्ञहरूको भूमिकालाई राज्यले उच्च सम्मान र कदर गर्नैपर्छ। उनीहरूलाई प्रोत्साहन दिएर नेपालको स्वास्थ्य सेवालाई बलियो र समावेशी बनाउनु आजको तत्कालको आवश्यकता हो। रासस

# अन्नपूर्ण संरक्षण क्षेत्रको प्राकृतिक आकर्षणले पर्यटक लोभ्याउँदै

वासुदेव पौडेल



गण्डकी प्रदेशको राजधानी पोखरा प्राकृतिक सुन्दरताका साथै ऐतिहासिक सम्पदाका कारण विश्वमाझ परिचित छ। पोखरा मात्र नभई समग्र गण्डकी प्रदेशले प्रकृति, संस्कृति र साहसिक पर्यटनका कारण अन्तरराष्ट्रिय रूपमा चर्चा कमाइरहेको छ।

विश्वमा हिमाल आरोहणको इतिहास रच्ने अन्नपूर्ण प्रथमदेखि गण्डकी प्रदेशका थुप्रै प्राकृतिक पर्यटकीय पूर्वाधारले स्वदेशी एवम् विदेशी पर्यटकको मन लोभ्याएको छ। यस्तै प्राकृतिक पर्यटकीय पूर्वाधारमध्येको अन्नपूर्ण संरक्षण क्षेत्र यहाँको महत्त्वपूर्ण पर्यटकीय आकर्षक गन्तव्य हो।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत समेटिएको यस क्षेत्रको प्राकृतिक, संस्कृतिक सम्पदा र वातावरण जोगाउन, पर्यटकको सेवासुरक्षामा स्थानीय जनतासँग सहकार्य र समन्वय गर्दै एक्यापले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

एक्यापका प्रमुख रविन कडरियाका अनुसार यो संरक्षण क्षेत्र कास्कीको उत्तरी क्षेत्र, म्याग्दीको उत्तरपूर्वी क्षेत्र, मुस्ताङ, मनाङ र लमजुङ जिल्लाको उत्तरी क्षेत्र गरी कूल सात हजार ६२९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र स्वदेशी एवम् विदेशी पर्यटकको लागि आकर्षक र रमणीय हुनुका साथै यहाँको प्राकृतिक सुन्दरता, भौगोलिक बनावट, मानव बस्ती, जैविक र सांस्कृतिक विविधताको प्रमुख भूमिका रहेको उनको भनाइ छ। यी सबैको सङ्गमका कारण अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने अन्नपूर्ण पदयात्रा मार्ग विश्वको दश उत्कृष्ट पदमार्गमा पर्न सफल भएको उनले उल्लेख गरे।

यस क्षेत्रमा पर्ने अग्ला र सुन्दर हिमाल, विशेषतः अन्नपूर्ण प्रथम, दोस्रो, तेस्रो, चौथो, अन्नपूर्ण दक्षित, माछापुच्छ्रे हिमाल, लमजुङ हिमालका साथै अधिकांश झरना तथा छहरा, हिमनदीलगायत प्राकृतिक सम्पदाले विश्वको ध्यान खिचिरहेको छ।

एक्याप क्षेत्रमा पाइने विभिन्न प्रजातिका लालीगुराँसको जङ्गल, माथिल्लो मुस्ताङका सीमावर्ती हिमालय क्षेत्रका साथै विचित्रको भूबनोटले यसको आकर्षण बढ्दै गएको एक्यापका प्रमुख कडरियाले बताए। उनका अनुसार पछिल्ला तीन वर्षको तथ्याङ्कले यहाँको पर्यटकीय आकर्षण झनझन बढ्दै गएको पुष्टि हुन्छ।

प्रमुख कडरियाका अनुसार सन् २०२२ मा यस क्षेत्रमा एक लाख २९ हजार ७ सय १८ विदेशी पर्यटक आएका थिए। सन् २०२३ मा एक लाख ९१ हजार ६ सय ६६, सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना पर्यटक आएका उनले जानकारी दिए। उनका अनुसार यस वर्षको जनवरीदेखि नोभेम्बरसम्म दुई लाख ७३ हजार ६ सय ४६ जना पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरिसकेका छन्।

सन् १९५० जुन ३ तारिखमा फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको थियो। समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइमा अवस्थित अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए।

अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १ सय ३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै अन्नपूर्ण क्षेत्र क्रमिक रूपमा पदयात्राका लागि पनि आकर्षक गन्तव्य बन्दै गएको एक्यापका प्रमुख कडरियाले बताए। पछिल्ला समयमा अन्नपूर्ण संरक्षण क्षेत्रमा पदयात्रीको आगमन बढे पनि पदमार्ग क्षेत्रमा जथाभावी खनिएका बाटाका कारण पर्यटकको बसाइँ अवधि भने छोटिएको उनको बुझाइ छ।

अन्नपूर्ण पदयात्रा क्षेत्रमा राउन्ड अन्नपूर्ण पदयात्रा डुम्रे, बेँसीसहर, मनाङ, मुक्तिनाथ, तातोपानी हुँदै पोखरासम्मका लागि २१ दिन लाग्ने पदयात्रा सडक विस्तार भएसँगै १२–१३ दिनमा छोटिएको ट्रेकिङ एजेन्सिज एसोसिएसन (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिए।

'बाटो विस्तार भएसँगै २१ दिनको यात्रा १२–१३ दिनमा छोटिएको छ। ती जथाभावी खनिएका बाटोलाई व्यवस्थित गर्नु, पूर्वाधार विस्तार गर्नुपर्ने छ। यात्रा अवधि घटेसँगै पर्यटकलाई 'हाइ अल्टिच्युड'को समस्या कम भएको छ। छोटो अवधिमा अन्नपूर्ण पदमार्गमा यात्रा गर्न पाउँदा समयको बचत पनि भएको छ,' उनले भने।

लामो पदयात्रा गर्न चाहने पदयात्रीको पदयात्रा अवधि लम्ब्याउने गरी शीघ्र अन्य वैकल्पिक मार्गको खोजी गर्नुपर्नेमा जोड दिँदै टानका अध्यक्ष आचार्यले सोको व्यवस्था नगरिएको अवस्थामा यहाँ आउने पर्यटक अन्यत्र मोडिन सक्ने सम्भावनालाई बेलैमा ख्याल राख्नु जरुरी रहेको बताए।

पछिल्लो तथ्याङ्कका आधारमा सबैभन्दा बढी भारतीय पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका जानकारी दिँदै उनले गत साउन १ गतेदेखि हालसम्म ४५ हजार ७ सय ३६ जना भारतीय पर्यटकले यस क्षेत्रको भ्रमण गरेका उल्लेख गरे। त्यसपछि बढी भ्रमण गर्ने विदेशीमा क्रमशः बेलायत, फ्रान्स, अमेरिका, जर्मनी, इजरायल, चीन, अष्ट्रेलिया, साउथ कोरिया र मलेसियाका पर्यटक रहेका उनले जानकारी दिए।

पछिल्लो समय यस संरक्षण क्षेत्रका लोमान्थाङ, विश्वकै उच्च स्थानमा रहेको तिलिचो ताल, अन्नपूर्ण आधार शिविर, मर्दी हिमाललगायत पदयात्रा क्षेत्रमा बढी संख्यामा पर्यटक आउने गरेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्रा एवम् भ्रमणका लागि भारतीय पर्यटकले एक हजार रुपैयाँ प्रवेश शुल्क बुझाउनुपर्छ भने अन्य विदेशी पर्यटकले तीन हजार रुपैयाँ शुल्क बुझाउनुपर्छ।

यस क्षेत्रमा पर्ने कास्कीको मादी गाउँपालिकास्थित नेपालकै कम उचाइमा रहेको कपुचे हिमताल पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बनेको मादी गाउँपालिका–१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिए। उनका अनुसार पछिल्ला समयमा म्याग्दीतर्फको अन्नपूर्ण नर्थ बेस क्याम्प पनि स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक गन्तव्य बनेको छ। रासस

# अधिकार र सम्मान सुनिश्चित गर्न सरकार प्रतिबद्धः सञ्चारमन्त्री



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले अपाङ्गता भएका व्यक्तिको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्न सरकार प्रतिवद्ध रहेको बताएका छन् । अपाङ्गता भएका व्यक्तिको ३४औँ अन्तरराष्ट्रिय दिवसका अवसरमा मूल समारोह समितिले बुधबार भृकुटीमण्डप परिसरमा आयोजना गरेको समारोहमा मन्त्री खरेलले सरकारले अपाङ्गमैत्री नीतिगत र संरचनागत सहकार्य गर्ने विश्वास व्यक्त गरे । अपाङ्गता भएका व्यक्तिको सहयोगी निर्देशिका चाँडै कार्यान्वयनमा ल्याइने उनले विश्वास व्यक्त गरे ।

'यसअघि राजनीतिक दलका नेताले गर्छु भने गरेनन् तर, म गर्छु भन्दैन । गरिसकेपछि गरेँ है भनेर भनौँला । हाम्रो देशमा गर्छु भन्ने रोग छ,' मन्त्री खरेलले भने ।

सञ्चारमन्त्री खरेलले सरकारकोतर्फबाट निर्देशिका कार्यान्वयनमा ल्याउने र कम्तिमा सानो रूपमा भए पनि गम्भीर रूपमा अपाङ्गता भएका नेपाली दाजुभाई दिदीबहिनीका लागि केही न केही प्रक्रियाको प्रारम्भ गरिने स्पष्ट पारे । उनले सामाजिक न्याय, समता, समानता तथा विवेधरहित समाज निर्माण र सामाजिक विभेदको अन्त्य गर्न सरकार प्रतिवद्धताका साथ लाग्ने बताए ।

सञ्चारमन्त्री खरेलले प्रधानमन्त्री सुशीला कार्कीले दिवसको अवसरमा दिएको शुभकामना सन्देशमा पनि सरकार अपाङ्गता भएका व्यक्तिको साथमा रहेको जानकारी गराइसकेकाले यसलाई अगाडि बढाउने कुरामा सरकारलाई सहयोग पुग्ने बताए । उनले सञ्चार तथा सूचना प्रविधिमन्त्रालयलाई कसरी अपाङ्गमैत्री बनाउन सकिन्छ, नीतिगत र संरचनागतरूपमा कार्यान्वयन गर्न मन्त्रालय सहकार्य गर्न तयार रहेको उल्लेख गरे ।

**'निर्वाचनको सम्पूर्ण वातावरण बनिसकेको छ'**

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री खरेलले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न सम्पूर्ण वातावरण बनिसकेको र सरकार निर्वाचन गराउने प्रक्रियामा अगाडि बढिसकेको बताए ।

उनले भने, 'सरकारको ६ महिने अवधिको मूख्य दायित्व फागुन २१ गते निर्वाचन सम्पन्न गर्नुपर्ने छ, निर्वाचन जसरी पनि हुँदैछ, त्यसको सम्पूर्ण वातावरण बनिसकेको छ, सरकार यसमा दृढ छ । निर्वाचनसँगै सुशासन प्रवद्र्धन र भ्रष्टाचार नियन्त्रणमा सरकार दृढतापूर्वक अगाडि बढेको छ ।'

महासङ्घका अध्यक्ष देवीदत्त आचार्यले अपाङ्गमैत्री संरचना र नीतिगत सुधारका लागि सरोकारवालाको ध्यानाकर्षण गराए । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाजकल्याण परिषद्, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल र राष्ट्रिय अपाङ्ग कोषको संयुक्त आयोजनामा भएको कार्यक्रममा अपाङ्गता क्षेत्रमा योगदान पुर्याउने विभिन्न व्यक्तित्वलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।

यसअघि बुधबार नै बिहान सञ्चार तथा सूचना प्रविधिमन्त्री खरेलको नेतृत्वमा प्रभातफेरी आयोजना गरिएको थियो । खुलामञ्चबाट शुरु भएको प्रभातफेरी भृकुटीमण्डपमा आएर सभामा परिणत भएको थियो ।

'अपाङ्गता समावेशी समाजको प्रवद्र्धनः सामाजिक उन्नतिको संवद्र्धन' नाराका साथ यस वर्ष अपाङ्गता भएका व्यक्तिको ३४औँ अन्तरराष्ट्रिय दिवस मनाइएको छ । अपाङ्गता भएका नागरिकको हक अधिकार प्रवद्र्धनका लागि विश्वभर संयुक्त राष्ट्रसङ्घको पहलमा सन् १९९२ देखि हरेक वर्ष डिसेम्बर ३ तारिखका दिन अपाङ्गता भएका व्यक्तिको अन्तरराष्ट्रिय दिवस मनाउन थालिएको हो । दिवसले अपाङ्गता भएका व्यक्तिको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्ने साझा संकल्पलाई पुनः स्मरण गराएको छ ।

नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने तथा सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको भए पनि व्यवहारिक रूपमा पूर्ण कार्यान्वयन हुनुपर्ने माग उठ्दै आएको छ ।

**सबै संरचनामा समान सहभागिता हुनुपर्छः राष्ट्रपति**

राष्ट्रपति रामचन्द्र पौडेलले अपाङ्गता भएका व्यक्तिको संवैधानिक तथा कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् । अपाङ्गता भएका व्यक्तिहरूको ३४औँ अन्तरराष्ट्रिय दिवसका अवसरमा आज स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइको सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना गर्दै उनले शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरबाट वञ्चित अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी राज्यबाट प्रदान गरिने सबै सुविधा र अवसरमा समान पहुँच स्थापति गर्न जरुरी भएको बताए ।

उनले भनेका छन्, 'नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको छ, संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समान, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने अपेक्षा गरेको छ, अपाङ्गताका आधारमा गरिने सबै प्रकारका विभेदलाई निषेध गर्दै उनहरूलाई समान तथा अर्थपूर्ण रूपमा मानवीय सहभागिता गराउने मनशाय संविधानले लिएको छ ।'

अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यालय, विद्यालय, सार्वनजिक सवारी, सडक, पार्क, मठमन्दिर, सरकारी र सार्वजनिक एवम् निजी संरचनामा उनहरूको आवश्यकताअनुसारको मैत्रीपूर्ण भौतिक संरचना तथा अन्य आवश्यक वातावरण तयार गरी आवश्यक सुविधा उपलब्ध गराउनु आजको आवश्यकता रहेको राष्ट्रपति पौडेलको भनाइ छ ।

उनले भने, 'अपाङ्गता भएका व्यक्तिहरूप्रति समाजमा रहेका नकारात्मक भावनामा परिवर्तन ल्याइ समावेशिता, समानता, मानवअधिकार पहुँचयोग्य वातावरण एवम् भेदभावविहीन समाजको निर्माण गर्दै अपाङ्गता भएका व्यक्तिहरूको न्यायपूर्ण सहभागिता सुनिश्चित गर्न सरकार, परिवार, समाज तथा सङ्घ संस्थाहरूको एकल र सामूहिक भूमिका अभिवृद्धिमा यस दिवसले थप बल पु¥याउने मैले विश्वास लिएको छु ।'

अपाङ्गता भएका नागरकिहरूको हकअधिकार प्रवद्र्धनका लागि संयुक्त राष्ट्रसङ्घको पहलमा सन् १९९२ देखि हरेक वर्ष डिसेम्बर ३ तारिखका दिन विश्वभर अपाङ्गता भएका व्यक्तिहरूको अन्तरराष्ट्रिय दिवस मनाउन थालिएको हो ।

**संवैधानिक अधिकार पूर्णरुपमा कार्यान्वयन हुनुपर्छ**

उपराष्ट्रपति रामसहायप्रसाद यादवले अपाङ्गता भएका व्यक्तिको संवैधानिक अधिकारलाई पूर्णरुपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको अन्तरराष्ट्रिय दिवस, २०२५ को अवसरमा बुधबार शुभकामना व्यक्त गर्दै उनले भनेका छन्, 'नेपालको संविधानले पनि अपाङ्गता भएका नागरिकलाई पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्ने अधिकारका साथै सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको छ, यसलाई सबैले आत्मसात र अवलम्बन गर्न जरुरी छ ।' उनले सबैमा समान सहभागिता, अवसर र सहानुभूतिलाई प्रवद्र्धन गर्न सबैको सामूहिक प्रयास अपरिहार्य रहेको उल्लेख गरे । हरेक वर्ष डिसेम्बर ३ मा विश्वभर मनाइने यो दिवसले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्ने साझा सङ्कल्पलाई पुनः स्मरण गराउने बताउँदै उनले दिवसले थप प्रेरणा, ऊर्जा र प्रतिबद्धता प्रदान गर्ने विश्वास व्यक्त गरे ।

'हामी सबै एकजुट भएर अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तर सुधार गर्न, उनहरूको अधिकारको संरक्षण गर्न तथा हरेक क्षेत्रमा समावेशिता सुनिश्चित गर्न निरन्तर अघि बढ्न सक्नुपर्दछ, न्यायपूर्ण, समावेशी र सम्मानजनक समाज निर्माण हामी सबैको साझा जिम्मेवारी हो, हामीले सबै नागरिकको योगदानलाई मान्यता दिँदै अपाङ्गता भएका व्यक्तिहरुको क्षमता र सम्भावनालाई राष्ट्र निर्माणमा उपयोग गर्न सक्ने वातावरण सृजना गर्नु सबैको कर्तव्य र दायित्व हो,' सन्देशमा भनिएको छ ।

**समावेशी विकास तथा शासन व्यवस्था रूपान्तरणमा प्रतिवद्धता**

प्रधानमन्त्री सुशीला कार्कीले दिगो विकासका लक्ष्य प्राप्तिको लागि अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धतालाई प्राथमिकतामा राखी अपाङ्गता समावेशी विकास तथा शासन व्यवस्थाको रूपान्तरणलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

अपाङ्गता भएका व्यक्तिहरूको अन्तरराष्ट्रिय दिवसका अवसरमा बुधबार जारी गरेको शुभकामना सन्देशमा उनले उक्त प्रतिबद्धता व्यक्त गरेकी हुन् । सन्देशमा प्रधानमन्त्रीले अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता, सामाजिक सुरक्षा एवम् पुनः स्थापनामा सहज पहुँचका लागि सरकार क्रियाशील रहेको बताएकी छन् ।

अपाङ्गता भएका व्यक्तिको आर्थिक–सामाजिक अवस्था एवम् अपाङ्गताको गाम्भीर्यका आधारमा अपाङ्गता भएका व्यक्तिलाई सेवा सुविधामा प्राथमिकता दिई अपाङ्गता भएका सबैलाई सम्मानजनक र समतामूलक जीवनयापनको वातावरण निर्माण गर्ने राज्यको नीति रहेको प्रधानमन्त्रीले सन्देशमा स्पष्ट गरेकी छन् । अपाङ्गता भएका व्यक्तिले भोगिरहेका भौतिक, दृष्टिकोणजन्य, सञ्चारमा रहेका अवरोध, कानूनीलगायत अन्य सबै अवरोधहरू हटाई सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सहज, पहुँचयुक्त र सम्मानजनक अवस्थाको सिर्जना गर्नु आजको आवश्यकता भएको सन्देशमा उनले उल्लेख गरेकी छन् ।

अपाङ्गता भएका व्यक्तिको स्वावलम्बी र आत्मनिर्भर जीवनका लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापनालगायत रोजगार तथा स्वरोजगारका कार्यक्रममा तीनवटै तहका सरकारको संयुक्त प्रयासले अपेक्षित उपलब्धि हासिल गर्न सकिने विश्वास प्रधानमन्त्रीले व्यक्त गरेका छन् ।

नेपालको संविधान, नेपाल पक्ष राष्ट्र भएका अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्तरराष्ट्रिय सन्धि, महासन्धि, विद्यमान कानूनहरूले अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अधिकारलाई अधिकतम रूपमा सम्बोधन गरेका उनले बताएकी छन् ।

बुधबारको यस दिवसले अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था, सम्बन्धित सबै सरोकार भएकाहरूलाई अपाङ्गता भएका व्यक्ति एवम् तिनका अभिभावकको हक, हित, अधिकार, संरक्षण र सुविधाको क्षेत्रमा अझ धेरै कार्य गर्ने प्रेरणा र ऊर्जा मिलोस् भन्ने कामना गरेकी छन् ।

**अपाङ्गता भएका व्यक्तिका अधिकार रक्षा गर्न क्रियाशील**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अपाङ्गता भएका व्यक्तिका लागि आफ्नो पार्टीले सामाजिक सुरक्षा भत्ताको व्यवस्था उनीहरुलाई समाजले गर्दै आएको नकारात्मक व्यवहार, राजनीतिक एवम् सामाजिक आन्दोलनका माध्यमबाट परिवर्तन गर्दै आएको बताएका छन् । अपाङ्गता भएका व्यक्तिहरूको अन्तरराष्ट्रिय दिवसका अवसरमा बुधबार जारी गरेको शुभकामना सन्देशमा उनले उक्त कुरा बताएका हुन् । राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक र नागरिक अधिकार प्राप्तिका लागि अपाङ्गता भएका व्यक्तिहरुलाई सङ्गठित गर्दै पार्टीले नेतृत्वमा स्थापनाको प्रयास जारी राखेको, अपाङ्गता भएका तमाम व्यक्तिले उठान गर्दै आएका विषयलाई पनि समावेश गर्दै आएको उनले बताए ।

सन्देशमा अध्यक्ष ओलीले 'अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्र, स्वावलम्बी र मर्यादित जीवनयापन गर्न व्यक्तिगत सहयोगी सेवा, सहायक सामग्री तथा प्रविधि सेवा, पहुँच युक्तता, सामाजिक सुरक्षा, पारा खेलकुदको विकास, शिक्षा, स्वास्थ्य तथा रोजगारीका सवालमा नेकपा एमाले गम्भीर छ' भनेका छन् ।

**सामाजिक न्यायको पक्षमा निरन्तर उभिने प्रतिबद्धता**

नेपाली कांग्रेसले समावेशिता, समान अवसर, मानवअधिकार र सामाजिक न्यायको पक्षमा निरन्तर दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गरेको छ ।

पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले अन्तरराष्ट्रिय अपाङ्गता दिवसका अवसरमा बुधबार सन्देश जारी गर्दै पार्टीको विधानअनुसार स्थानीय तहदेखि सङ्घीय संरचनासम्म अपाङ्गता भएका सदस्यहरूको सहभागिता सुनिश्चित गरेको बताए । भविष्यमा पनि यस्तो सहभागितालाई अझ प्रभावकारी र जिम्मेवारीपूर्ण बनाउने पार्टीको प्रतिबद्धता उनले सन्देशमा दोहोर्याएका छन् ।

नेपालको संविधानले सुनिश्चित गरेका समान अधिकार, सहभागिता, सामाजिक न्याय र समावेशितालगायत विषयलाई कांग्रेसले निरन्तर संरक्षण गर्दै आएको कार्यवाहक सभापति खड्काले सन्देशमा उल्लेख गरेका छन् ।

**विभेद अन्त्यका लागि सबै पक्षसँग हातेमालो**

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिमाथिको सामाजिक विभेद अन्त्य, उपचार र जीविकोपार्जनको सुनिश्चितता तथा सम्मानजनक जीवनयापनको वातावरण निर्माणका लागि सबै पक्षसँग हातेमालो गर्न अपरिहार्य भएको बताएका छन् ।

चौतिसौँ अन्तरराष्ट्रिय अपाङ्गता दिवसका अवसरमा देशविदेशमा रहेका सम्पूर्ण अपाङ्ग समुदायप्रति सम्मान तथा शुभकामना व्यक्त गर्दै उनले अपाङ्ग नागरिकको अधिकार, अवसर र सम्मानलाई राष्ट्र निर्माणको केन्द्रमा राख्नु हामी सबैको साझा जिम्मेवारी भएको बताए । संयोजक दाहालले समावेशी विकास, पहुँचयोग्य पूर्वाधार, उपचार, शिक्षा तथा रोजगारमा समान अवसर र सम्मानजनक जीवनका आधारहरूमा टेकेर नै सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्न सकिने सन्देशमा उल्लेख गरेका छन् । रासस

# अल्पविकसित देशको विकासमा अन्तरराष्ट्रिय सहयोग अपरिहार्य




**काठमाडौँ।**
अल्पविकसित देशहरूको विकासका लागि अन्तरराष्ट्रिय समुदायबाट निन्तर सहयोग हुनुपर्नेमा नेपालले जोड दिएको छ।

अल्पविकसित राष्ट्रहरूको वैश्विक समन्वय ब्यूरोको अध्यक्ष नेपालका तर्फबाट परराष्ट्रसचिव अमृतबहादुर राईले मङ्गलबार दोहामा आयोजित अल्पविकसित देशहरूको दिगो विकास एवम् साझेदारीसम्बन्धी उच्चस्तरीय बैठकमा जोड दिएका हुन्।

दोहास्थित नेपाली राजदूतावासका अनुसार सचिव राईले अल्पविकसित देशहरूको आर्थिक उन्ननयनका निम्ति अन्तरराष्ट्रिय बजारसम्म पहुँच विस्तार, संरचनात्मक अवरोधहरूको अन्त्य तथा अन्तरराष्ट्रिय समुदायबाट अधिकभन्दा अधिक स्रोत साधनको उपलब्धता निश्चित हुनुपर्नेमा जोड दिए।

कृषि, जलविद्युत्, पर्यटन, निर्माण, सूचना तथा सञ्चार प्रविधि र मानव संशाधनका क्षेत्र नेपालको आर्थिक रुपान्तरणका अपार सम्भावना भएका क्षेत्र हुन् भन्दै सचिव राईले तिनमा लगानी गर्न अन्तरराष्ट्रिय समुदाय र नेपालको विकासका साझेदारहरूका साथै संयुक्त राष्ट्रसङ्घ एवम् यसका विशिष्टिकृत संस्थाहरूसँग सहकार्य गर्न नेपाल सरकारले चाहेको बताए।

# नेपाल–चीन महिला सहकार्यको ऐतिहासिक सम्मेलन



**काठमाडौँ।**
जनवादी गणतन्त्र चीनको सिजाङ (तिब्बत) प्रान्तको परराष्ट्र मामिला कार्यालयको निमन्त्रणामा आयोजित महिला सम्मेलनमा नेपाल–चीन महिला सहकार्य गर्ने विषयमा छलफल भएको छ।

मङ्सिर ८ गतेदेखि १२ गतेसम्म सिजाङ स्वायत्त क्षेत्रको ल्हासा सहरमा भएको सम्मेलनमा महिला अधिकार, कानून र तिब्बती उपचार पद्धतिका साथै महिला उद्यमशीलता, पर्यटन, जडीबुटी र हस्तकलाको विकासमा दुवै देशबीच सहकार्यका सम्बन्धमा छलफल भएको छ।

सम्मेलनमा आदिवासी जनजाति आयोगकी सदस्य रीना रानाले नेपाली महिला प्रतिनिधिमण्डलको नेतृत्व गरेकी थिइन् । नेपाल–चीन कूटनीतिक सम्बन्धको ७० वर्षे यात्रामा दुवै देशका महिलाबीचको यो पहिलो औपचारिक महिला सम्मेलन भएको थियो । सम्मेलनले दुई देशबीचको मैत्रीपूर्ण सहकार्य अझ सुदृढ गर्दै महिला विकासका नयाँ मार्गहरू पहिचान गरेको आयोगका सदस्य रानाको भनाइ छ।

समावेशी नेपाली प्रतिनिधिमण्डलमा महिला उद्यमी महासङ्घ नेपालकी अध्यक्ष शोभा ज्ञवाली, उपाध्यक्ष सुनिता वैद्य श्रेष्ठ, राष्ट्रिय समाचार समिति (रासस) का पत्रकार कालिका खड्का, उद्योग परिसङ्घ युवा उद्यमी मञ्चकी उपाध्यक्ष निदा डोन मल्ल, नेपाल 'ल' क्याम्पसका सहायक प्राध्यापक डा विष्णु बस्याल, नेपालस्थित चिनियाँ दूतावासका युवा सदस्यहरु सदस्य कुन्दन शर्मा (मेकालिनकल इञ्जिनियर) र श्रीया गिरी (मानसिक स्वास्थ्य विद्), जेनजी पुस्ताकी प्रतिनिधि ओजस्वी भट्टराई र आयोगका सदस्य रानाकी सहयोगी प्रतिक्षा घले गुरुङ सहभागिता रहेको थियो।

'यो सम्मेलन नेपाल–-चीनका महिलाबीचको संवाद मात्र होइन, दुई देशका महिलाका बहुआयामिक क्षेत्रमा सहकार्यको नयाँ सुरुवात भएको छ,' आयोगका सदस्य रानाले भनिन्, 'यसलाई निरन्तरता दिन सकियो भने दुवै देशका महिला र युवाको भविष्य उज्यालो हुनेछ।'

नेपाली प्रतिनिधिमण्डलले तिब्बती उपाचार पद्धतिको अवलोकनका क्रममा सहभागीहरूको स्वास्थ्य परीक्षणसमेत गरिएका थिए । आयोगकी सदस्य रानाले स्वास्थ्य परीक्षणपछि भने, 'तिब्बती उपचार पद्धति सस्तो, सरल र नेपाली आदिवासी उपचार विधिसँग अत्यन्त मिल्दोजुल्दो रहेछ, नेपालमै यसका तालिम उपलब्ध गराउने सम्भावना सकारात्मक रूपमा व्यक्त गरिएको छ, जुन असाध्यै राम्रो हो।'

महिला अधिकारबाट आर्थिक विकाससम्म कार्यक्रममा नेपाल र चीनका महिलाबीच–महिला अधिकारका कानूनी विकास, सरकारी सेवा प्राप्तिमा महिलाको अवस्था, स्वास्थ्य, शिक्षा र उद्यमशीलताबारे विस्तृत रुपमा छलफल भएको थियो । महिलाको आर्थिक उत्पादन, सामाजिक पहुँच र नेतृत्व विकासका क्षेत्रमा दुवै देशका प्रतिनिधिबीच अनुभव र विचार साटासाट गरिएको थियो।

सम्मेलनमा सिजेङ प्रान्तका वैदेशिक मामिला कार्यालयका उपमहानिर्देशक ओयाङ झिबिङले सम्मेलनलाई नेपाल–चीन मित्रताको ७० वर्षमा महिलामार्फत सुरु भएको पहिलो औपचारिक सहकार्य भएकाप्रति खुसी व्यक्त गरे । उनले भने, 'दुवै देशका महिलाबीचको संवादले कूटनीतिक सम्बन्धमा नयाँ जीवन र ऊर्जा थप्नेछ भन्ने विश्वास लागेको छ।'

सम्मेलनको उद्देश्य नेपाल–चीन मैत्रीपूर्ण सहकार्यलाई मजबुत बनाउने, महिलाको क्षेत्रमा गुणस्तरीय विकास अभिवृद्धि गर्ने सहयोग पु¥याउने, कानून, मानवअधिकार, स्वास्थ्य, शिक्षा, पर्यटन, जडीबुटी, हस्तकला क्षेत्रमा सहकार्यका साथै नयाँ सम्भावना पहिचान गर्ने रहेको उनको भनाइ थियो।

प्रतिनिधिमण्डलले तिब्बती उपचार पद्धतिमा प्रयोग हुने प्राकृतिक जडीबुटी, आदिवासी ज्ञान र उपचार विधि नजिकबाट अध्ययन गरेको थियो । उद्यमशीलता, पर्यटन र जडीबुटीमा सहकार्यका नयाँ ढोका सफल भएको भन्दै महिला उद्यमी महासङ्घकी अध्यक्ष शोभा ज्ञवालीे भ्रमण अत्यन्त सफल र फलदायी रहेको भनाइ व्यक्त गरिन्।

'सम्मेलनमा उद्यमशीलता क्षेत्रका अवसर, चुनौती र भविष्यका सम्भावनाबारे गहन छलफल भयो,' उनले भनिन्, 'नेपाली उद्यमीलाई निःशुल्क सीप विकास तालिम र उद्यमशीलता अभिवृद्धि कार्यक्रम उपलब्ध गराउने सम्बन्धमा सकारात्मक प्रतिबद्धता प्राप्त भयो।'

पर्यटन, जडीबुटी, कृषि तथा हस्तकला प्रवर्द्धनका क्षेत्रमा दुवै पक्षबीच दिगो सहकार्यका बुँदाहरूमा विस्तृत विचार–विमर्श हुनु आफैमा महत्वपूर्ण भएको उल्लेख गर्दै उनले तिब्बती उपचार पद्धति नेपालका मुस्ताङ, मनाङ, हुम्ला, डोल्पा जस्ता उत्तरी भूभागमा उपयोगी हुन सक्ने उनको विश्लेषण छ।

युवा उद्यमी, पत्रकार, कानून व्यवसायी तथा मेकानिकल इञ्जिनियरहरूको सहभागिताले सम्मेलनलाई नयाँ पुस्ताको दृष्टिकोणले समृद्ध बनाउँदै चिनियाँ पक्षले नेपालका युवालाई सीप विकास, शिक्षा र प्रविधिमैत्री परियोजनामा सहयोग गर्ने विश्वास दिलाएको छ । सिजाङ प्रान्तले महिलाका निःशुल्क शिक्षा, सुरक्षित आवासगृह, महिला–केन्द्रित परियोजन सञ्चालन गरेको छ।

नेपालीले बनाएका हस्तकला सामग्री चीनमा लोकप्रिय हुँदै गएको देखिनुले दुवै देशबीच सांस्कृतिक र आर्थिक सहकार्यक्षेत्र अझ व्यापक बन्ने सङ्केत दिएको नेपाली प्रतिनिधिमण्डलको अनुभव छ । सहकार्यको यात्रा निरन्तर भएमा सम्मेलन उपलब्धिमूलक, अर्थपूर्ण र भविष्य–सुखी रहेको सहभागीहरूको ठम्याइ छ।

दुवै देशका महिलाबीच स्थापित भएको सम्बन्धले कूटनीतिक सम्बन्ध, महिला नेतृत्व, स्वास्थ्य, उद्यमशीलता, पर्यटन, कृषि तथा जडीबुटी उद्योग सबै क्षेत्रमा नयाँ सम्भावना खोलेको नेपाली भ्रमण टोलीको अनुभव छ। रासस

# अमेरिकी डलरको भाउ हालसम्मकै उच्च बिन्दुमा




**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । यस्तै, यूरो, पाउण्ड स्ट्रलिङ, स्वीस फ्रयाङ्क, अष्ट्रेलियन डलरलगायतका विदेशी मुद्राको भाउ पनि बढेको छ ।

निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १४३ रुपैयाँ ५० पैसा र बिक्रीदर १४४ रुपैयाँ १० पैसा निर्धारण गरिएको छ । यस्तै, युरोपियन युरो एकको खरिददर १६६ रुपैयाँ ५७ पैसा र बिक्रीदर १६७ रुपैयाँ २७ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८९ रुपैयाँ ४३ पैसा र बिक्रीदर १९० रुपैयाँ २२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७८ रुपैयाँ ३३ पैसा र बिक्रीदर १७९ रुपैयाँ ०७ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ९३ रुपैयाँ ९६ पैसा र बिक्रीदर ९४ रुपैयाँ ३६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०२ रुपैयाँ ४२ पैसा र बिक्रीदर १०२ रुपैयाँ ८५ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११० रुपैयाँ ५६ पैसा र बिक्रीदर १११ रुपैयाँ ०२ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ २० पैसा र बिक्रीदर नौ रुपैयाँ २४ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ३० पैसा र बिक्रीदर २० रुपैयाँ ३८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ २३ पैसा र बिक्रीदर ३८ रुपैयाँ ३९ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ३८ पैसा र बिक्रीदर ३९ रुपैयाँ ५४ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ४८ पैसा र बिक्रीदर चार रुपैयाँ ५० पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ०७ पैसा र बिक्रीदर ३९ रुपैयाँ २३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३४ रुपैयाँ ७२ पैसा र बिक्रीदर ३४ रुपैयाँ ८७ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७७ पैसा र बिक्रीदर नौ रुपैयाँ ८१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ १७ पैसा र बिक्रीदर १५ रुपैयाँ २३ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ३० पैसा र बिक्रीदर २२ रुपैयाँ ४० पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ४३ पैसा र बिक्रीदर १८ रुपैयाँ ५१ पैसा, कुवेती दिनार एकको खरिददर ४६७ रुपैयाँ ४६ पैसा र बिक्रीदर ४६९ रुपैयाँ ४१ पैसा, बहराइन दिनार एकको खरिददर ३८० रुपैयाँ ६४ पैसा र बिक्रीदर ३८२ रुपैयाँ २३ पैसा , ओमनी रियाल एकको खरिददर ३७२ रुपैयाँ ७२ पैसा र बिक्रीदर ३७४ रुपैयाँ २८ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ । रासस

# एउटै गाउँबाट दुई करोडभन्दा बढीको सुन्तला बिक्री

**तनहुँ।**
व्यास नगरपालिका–१३ स्थित बेनीकोट गाउँका किसानले यसवर्ष दुई करोड रुपैयाँ बराबरको सुन्तला बिक्री गरेका छन् । सदरमुकाम दमौलीबाट सात किलोमिटर दुरीमा अवस्थित बेनीकोटका किसानलाई यतिबेला बारीमा फलेका सुन्तला टिप्ने र सुन्तला मिलाउने काममा भ्याइनभ्याइ छ।

बेनीकोटका किसान फलबहादुर थापाले आफूले यस वर्ष १६ लाख ५० हजार रुपैयाँको सुन्तला बिक्री गरेको बताए । सिद्धबेनी माध्यमिक विद्यालयका पूर्वशिक्षकसमेत रहेका उनले सुन्तला खेतीबाट मनग्य आम्दानी हुँदै आएको उल्लेख गर्दै गाउँबाट यस वर्ष दुई करोड रुपैयाँ मूल्य बराबरको सुन्तला बिक्री भएको जानकारी दिए।

कालबहादुर रानाले आफूले चार लाखको सुन्तला बिक्री गरेको सुनाए। उत्पादन भएका सुन्तला बिक्रीका लागि कुनै समस्या नरहेको उनको भनाइ छ । उनले भने, 'ठेकेदार नै गाउँसम्म आउँछन्, सुन्तला बगानको मोलमोलाइ गरेपछि बोट किन्ने, टिप्ने, ढुवानी गर्ने सम्बन्धित ठेकदारले नै गर्छन्।'

स्थानीय मनसिंह थापाले अन्य खेतीभन्दा सुन्तलाखेती गर्न सहज र मनग्य आम्दानी हुने गरेको बताए । उनले भने, 'प्रत्येक वर्ष मङ्सिर महिनाभर बेनीकोट गाउँका किसानलाई सुन्तला बेच्न भ्याइनभ्याइ हुन्छ ।' थापाले यस वर्ष दुई लाख १० हजार रुपैयाँको सुन्तला बिक्री गरे।

भिरालो सडक रहेको र सडकको स्तरोन्नति नहुँदा सदरमुकामबाट नजिकै भए पनि सुन्तला ढुवानीमा समस्या भोग्नुपरेको व्यवसायी लेखबहादुर थापाले बताए । उनले भने, 'अहिले दैनिक पाँच वटासम्म गाडीमा सुन्तला बजार पु¥याउने गरिएको छ । जोखिमपूर्ण बाटो भएकाले असहज भने छ।'

बेनीकोटमा एउटा किसानले न्यूनतम २० देखि ८०० सम्म वटासम्म सुन्तलाका बोट लगाएका छन् । यहाँको सुन्तला काठमाडौँ, चितवन, पोखरासम्म पुग्ने गरेको छ । मङ्सिर महिनामा धान भित्र्याउने समय भए पनि यहाँका किसानको मुख्य आम्दानीको स्रोत सुन्तला भएकाले किसान यतिबेला सुन्तला टिप्न र बिक्री गर्न व्यस्त छन्। रासस

# मेची भन्सार कार्यालयः आयात बढ्दा निर्यात घट्यो

**झापा।**
आर्थिक वर्ष २०८२–८३ को पहिलो चौमासिकमा काँकरभिट्टाबाट १६ अर्ब दुई करोड पाँच लाख रुपैयाँ मूल्यबराबरका सामान आयात भएका छन् ।मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईँका अनुसार गत आवको सोही अवधिमा १४ अर्ब २८ करोड ८७ लाख रुपैयाँ बराबरको वस्तु तथा सामान आयात भएका थिए ।गत आवको तुलनामा चालु आवको पहिलो चौमासिकमा यो नाकाबाट निर्यात भने घटेको छ। यो अवधिमा सात अर्ब ९६ करोड सात लाख रुपैयाँ बराबरका सामग्री निर्यात भएका छन् । गत आवको सोही अवधिमा आठ अर्ब ३० करोड २७ लाख रुपैयाँका वस्तु निर्यात भएका थिए । काँकरभिट्टाबाट अलैँची, चिया, प्लाइउड, भेनिउर सिट, छुर्पी, अम्रिसो, अदुवा, सुठो, मुसुरो, फलामे पातालगायत निर्यात हुने गरेका छन् । कार्यालयले आव २०८२–८३ को पहिलो चार महिनामा आयात निर्यातबाट पाँच अर्ब ४६ करोड एक लाख ९८ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

# धार्मिक पर्यटकका लागि आकर्षक गन्तव्य बन्दै शालग्राम सङ्ग्रहालय

**बागलुङ ।**
बागलुङ नगरपालिका–४, कुँडुलेस्थित शालग्राम सङ्ग्रहालयमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ । मानव निर्मित शुरुङभित्र सवा एक लाख शालग्राम शिला एकै पटक देख्न सकिने हुँदा पर्यटक बढेका हुन् ।

विशेष गरी मुस्ताङ घुम्नका लागि आएका पर्यटकहरु यहाँ आउने गरेका छन् । पछिल्लो समय औसतमा दैनिक ३ सय पर्यटकले सङ्ग्रहालयको अवलोकन गर्ने गरेका छन् । शालग्राम शिलालाई १ सय मिटर शुरुङभित्र संरक्षण गरेर राखिएको छ । सार्वजनिक बिदाको दिन एक हजारभन्दा बढी पर्यटक आउने गरेको सङ्ग्रहालयका संरक्षक ऋषि स्वामी प्रपन्नचार्यले जानकारी दिए ।



पछिल्लो चार महिनामा मात्रै २५ हजारभन्दा बढी पर्यटकले सङ्ग्रहालय अवलोकन गरेको उनको भनाइ छ । गत वर्ष झण्डै दुई लाख पर्यटक यहाँ आएको उनले बताए । सङ्ग्रहालय पाँच वर्षअघि सर्वसाधारणलाई खुला गरिएको थियो ।

त्रिशूल आकारमा शुरुङभित्र रहेको सङ्ग्रहालयसहित त्रिवेणीधामदेखि दामोदरकुण्डसम्मको नक्सा, विभिन्न मठमन्दिरका आकृति बनाइएको छ । सङ्ग्रहालयमा ३ सय किलो तौलसम्मका शालग्राम छन् । ऋषि प्रपन्नचार्यले भने, 'नेपालीसहित भारतीय पर्यटकको आकर्षण बढेको छ, शुरुमा खासै पर्यटकको आगमन हुन सकेको थिएन, तर पछिल्लो समय आगन्तुकको संख्या बढ्दै गएको छ, अहिले सार्वजनिक बिदामा एक हजारभन्दा बढी पर्यटक यहाँ आउँछन्, अरु बेला पनि दुई–तीन सय आइरहेका छन् ।'

पश्चिम नवलपरासीबाट घुम्न आएकी एलिना खनालले सङ्ग्रहालय धार्मिक महत्वको भएको बताए । उनी मुक्तिनाथ पुगेर फर्कने क्रममा यहाँ आएका थिए । 'यति ठूला सङ्ग्रहालयबारे मलाई थाहा थिएन, यहाँ आएर यति धेरै शालग्राम अवलोकन गर्न पाउँदा निकै खुसी लाग्यो,' खनालले भने, 'कालीगण्डकीमा अहिले शालग्राम पाइन छोडे, तर यहाँ सङ्ग्रहित गरेर राखेको देख्दा अचम्म लाग्यो, यसको संरक्षण गर्न जरुरी छ ।'

शालग्राम सङ्ग्रहालय अवलोकनका लागि चितवनबाट आएका टीकाराम पाठकले पारिवारिक भ्रमणका लागि यहाँ आएको बताए । सङ्ग्रहालयमा राखिएका कालिगण्डकी नदीको उत्गमस्थल दामोदरकुण्डदेखि त्रिवेणीधामसम्मको नक्सासहितको आकृतिले आकर्षित गरेको उनको भनाइ छ । शालग्राम सङ्ग्रहालय क्षेत्रमा श्रीरङ्गवेङ्कटेश मुक्तिनारायण मन्दिरलगायतका थुप्रै धार्मिक संरचना निर्माण भएका छन् । रासस

# एनपिएलः ब्याटिङतर्फ विदेशी बलिङमा नेपाली खेलाडी अब्बल

**काठमाडौँ।**
नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो र दोस्रो संस्करण गरी मङ्गलबारसम्म तीनवटा शतक प्रहार भएका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) ले गत वर्षदेखि शुरु गरेको एनपिएलको हाल दोस्रो संस्करण कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा मङ्सिर १ गतेदेखि जारी छ । पहिलो संस्करणमा एउटा मात्र शतक प्रहार भएको थियो । तीनवटै शतक विदेशी खेलाडीले बनाएका छन् । नेपाली खेलाडीले हालसम्म शतक बनाउन सकेका छैनन् । जारी संस्करणको २१औँ खेलमा मङ्गलबार पोखरा एभेन्जर्सका एडम रोसिङ्टनले शतक प्रहार गरे। कर्णाली याक्सविरुद्धको खेलमा उनले ५५ बलमा शतक पूरा गरेका हुन्। खेलमा ५८ बल खेलेका उनी १०८ रनमा अविजित रहे। कर्णालीलाई ३४ रनले हराएको यो खेलमा एडम प्लेयर अफ दी म्याचसमेत घोषित भए । एडम इङ्ल्याण्डका हुन्।

यस्तै कर्णाली याक्समा अनुबन्ध भएका स्कटल्याण्डका मार्क वाटले जारी संस्करणमा शतक हिर्काउने पहिलो खेलाडी हुन्। उनले लुम्बिनी लायन्सविरुद्धको खेलमा ४१ बलमा शतक बनाएका थिए। खेलमा ४४ बल खेलेका वाट ११४ रनमा अविजित रहे। यो खेल कर्णालीले ९ विकेटले जितेको थियो। वाट प्लेयर अफ दी म्याचसमेत चुनिए । एनपिएलमा सबैभन्दा छिटो शतक प्रहार गर्ने र एकै खेलमा सबैभन्दा बढी रन बनाउने खेलाडी पनि वाट नै हुन्।

एनपिएलको पहिलो संस्करणमा एकमात्र शतक अमेरिकी खेलाडी आन्द्रिज गोउसको नाममा छ । पोखराको टिममा आबद्ध गोउसले लुम्बिनीका विरुद्ध शतक जोडेका थिए ।गोउसले ५४ बलम शतक पूरा गरेका थिए । उक्त खेलमा उनले अविजित १०४ रन बनाए।

अर्धशतकमा पनि विदेशीकै दबदबा

जारी प्रतियोगितामा हालसम्म २२ खेलाडीले २६ अर्धशतक प्रहार गरेका छन्। यसमा १७ अर्धशतक विदेशी खेलाडीकै नाममा छन्। नौ अर्धशतक मात्रै नेपाली खेलाडीले प्रहार गर्न सकेका छन्।

अर्धशतक हिकाउने विदेशी खेलाडीमा चितवन राइनोजका रवी बोपरा (तीन), कर्णाली याक्सका प्रियाङ्क पञ्चाल (दुई) तथा जनकपुर बोल्ट्सका वायन पार्नेल, सञ्जय कृष्णमुर्ति र माज सदाकत, सुदूरपश्चिम रोयल्सका जोश ब्राउन र हरमित सिंह, पोखराका सुमित बर्मा, जिमी निशम र एडम रोसिङ्टन, विराटनगर किंग्सका मार्टिन गुप्टिल, चितवनका डेविड मलान, कर्णालीका मार्क वाट तथा काठमान्डू गोर्खाजका जोन सिम्प्सन (एक–एक) रहेका छन्।

अद्र्धशतक प्रहार गर्ने नेपाली खेलाडीमा पोखरा एभेन्जर्सका कप्तान कुशल भुर्तेल (दुई) तथा सुदूरपश्चिमका विनोद भण्डारी र ईशान पाण्डे, विराटनगर किंग्सका लोकेश बम र बसिर अहमद, चितवनका अर्जुन साउद, जनकपुरका अनिल शाह र आशिफ शेखले (एक–एक) रहेका छन् । सर्वाधिक रन बनाउनेको सूचीमा पनि विदेशी खेलाडी नै रहेका छन् । एक्काइस खेल सकिँदासम्म सर्वाधिक रन बनाउनेको सूचीमा पोखराका एडम रोसिङ्टन पहिलो नम्बरमा रहेका छन्। उनले हालसम्म पाँच खेलमा २५३ रन हिर्काएका छन्।

दोस्रो नम्बरमा ६ खेलमा २४२ रन बनाएका कर्णालीका मार्क वाट, तेस्रोमा पाँच खेलमा २०७ रनसहित चितवनका रवी बोपरा, छ खेलमा १८१ रन जोडेका कर्णालीका प्रियाङ्क पञ्चाल चौथोमा तथा पाँचौँ नम्बरमा पाँच खेल खेलेका लुम्बिनीका कप्तानसमेत रहेका रोहितकुमार पौडेल (१७४ रन) रहेका छन्।

बलिङमा नेपाली खेलाडी अब्बल

सर्वाधिक रन र व्यक्तिगत स्कोरमा विदेशी खेलाडीको वर्चश्व रहे पनि बलिङमा भने नेपाली खेलाडी अब्बल देखिएका छन् । सुदूरपश्चिमका अभिनाश बोहरा सबैभन्दा बढी विकेट लिने खेलाडीको शीर्ष स्थानमा छन् । उनले हालसम्म पाँच खेलमा ११ विकेट लिइसकेका छन्।

विराटनगर किङ्ग्सका कप्तानसमेत रहेका सन्दीप लामिछाने पाँच खेलमा १० विकेट लिएर दोस्रो स्थानमा छन् । तेस्रो स्थानमा काठमान्डूमा आबद्ध विदेशी खेलाडी मिलिन्द कुमार र चौथोमा काठमान्डूका कप्तान करण केसी रहेका छन्। मिलिन्द र करणले ६ खेलमा दश–दश विकेट छन्। यस्तै पाँच खेलमा नौ विकेट लिएर पाँचौँ स्थानमा सुदूरपश्चिममा आबद्ध विदेशी खेलाडी हर्मित सिंह रहेका छन्।

**एनपिएलम विराटनगर र पोखराको उच्च स्कोर**

एनपिएल इतिहासमै उच्च स्कोर बनाउने टोली विराटनगर किङ्ग्स बनेको छ । विराटनगरले जारी संस्करणमा पोखराविरुद्ध २२० रन बनाएको थियो । यो हालसम्मकै उच्च स्कोर हो। दोस्रो उच्च स्कोर बनाउने टोली पोखरा रहेको छ । पोखराले कर्णालीकाविरुद्ध २०१ रन जोडेको थियो।

यो संस्करणमा सबैभन्दा कम स्कोर बनाउने टोली चितवन छ। चितवनले काठमान्डू गोर्खाजविरुद्ध ८९ रन बनाएको थियो । यही मङ्सिर १ गतेदेखि शुरु भएको एनपिएलको दोस्रो संस्करणमा आठ टोली सहभागी छन्। हालसम्म सुदूरपश्चिम मात्रै प्लेअफमा पुग्ने पहिलो टोली बनेको छ। कर्णाली प्रतियोगिताबाट बाहिरिने पहिलो टोलीमा परेको छ। अन्य टोलीको छिनोफानो हुन बाँकी छ। नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा भइरहेको प्रतियोगिता मङ्सिर २७ गते सम्पन्न हुनेछ।

# नयाँ व्यवस्था कार्यान्वयनका लागि राष्ट्र बैंकको सर्कुलर

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत गरिएका नयाँ व्यवस्था कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थालाई सर्कुलर गरेको छ । केन्द्रीय बैंकले मौद्रिक नीतिको समिक्षा गर्दै केही थप व्यवस्था तथा संशोधन गरेको थियो ।

बाढीपहिरोबाट प्रभावित इलामलगायतका जिल्लाका उद्यम व्यवसायका लागि प्रवाहित कर्जालाई ऋणीको अनुरोधमा कर्जाको पुनरसंरचा गर्न सकिने व्यवस्था गरेको छ । बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुल उपर गरी आगामी चैतसम्मको पुनरसंरचना गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यसरी पुनरसंरचना वा पुनरतालिकीकरण गर्दाको समयमा कर्जालाई जुन वर्गमा वर्गीकरण गरिएको छ कम्तीमा सोही वर्गमा वर्गीकरण तथा कर्जा नोक्सानीको व्यवस्था कायम गर्नुपर्ने प्रावधान राखिएको छ ।

यसैगरी अबदेखि बैंक तथा वित्तीय संस्थाले अधिविकर्षलगायतका प्रयोजनक नखुलेका व्यक्तिगत कर्जा एक करोड रुपैयाँसम्म प्रवाह गर्न सक्नेछन् । तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा बैंक तथा वित्तीय संस्थाले सीमा नाघेजति रकममा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने प्रबन्ध गरिएको केन्द्रीय बैंकले जनाएको छ ।

त्यस्तै, इजाजतप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था बमोजिम उपलब्ध गराइने कर्जाको व्याजदर पाँच दशमलव ७५ प्रतिशत कायम गरिएको छ । यसअघि त्यस्तो व्याजदर छ प्रतिशत थियो ।

केन्द्रीय बैंकले 'घ' वर्गका वित्तीय संसथालाई पनि कर्जाको पुनरतालिकीकरण एव्म पुनरसंरचनाका सम्बन्धमा केही नयाँ व्यवस्था गरेको छ । विपन्न तथा न्यून आय भएका समूहमा आवद्ध भएका वा नभएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रतिव्यक्ति १५ लाख रुपैयाँ बराबरको लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ ।

यसअघि त्यस्तो कर्जा सात लाख रुपैयाँ बराबर मात्रै उपलब्ध गराउन सकनि व्यवस्था थियो । समूहमा आवद्ध भएको सदस्यलाई एकै अवधिमा कर्जा वा धितो कर्जा मध्ये कुनै एक कर्जा मात्र प्रवाह गर्न सकिनेछ ।

# राष्ट्रिय महाधिवेशनका लागि दुमी किरात राईहरु खोटाङको खार्मीमा



**खोटाङ।**
देश तथा विदेशमा रहेका दुमी किरात राईहरु खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–११ खार्मीमा भेला भएका छन् । दुमी किरात राई फन्सीकीमको आठौँ राष्ट्रिय महाधिवेशनका लागि नेपालसहित छिमेकी देश भारतको सिक्किम र दार्जिलिङ तथा हङकङ, अमेरिका र बेलायतमा बसोबास गर्ने दुमी किरात राईहरु खार्मीस्थित रुधालुङमा भेला भएका हुन्।

‘पुरख्यौली ज्ञान, साझा पहिचान’ भन्ने नाराका साथ सुरु भएको आठौँ राष्ट्रिय महाधिवेशनले नयाँ नेतृत्व चयन, आर्थिक तथा साङ्गाठानिक प्रतिवेदन पारित र भावी रणनीति निर्माण गर्ने आयोजक दुमी किरात राई फन्सीकीमका महासचिव तेजमाया मुरह दुमी राईले जानकारी दिए।

किरात समुदायको महान चाड छीरीयाम्लो (उँधौली) को अवसर पारेर आयोजना गरिएको महाधिवेशनले एक जना अध्यक्ष, एक जना वरिष्ठ उपाध्यक्ष, दुई जना उपाध्यक्ष, एक जना महासचिव, तीन जना सचिव, एक कोषाध्यक्ष र एक जना सहकोषाध्यक्षसहित २१ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गर्ने जनाइएको छ।

महाधिवेशनको औपचारिक उद्घाटन दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराईले ब्यानर वाचन गरेर तथा दुमी किरात राईहरुको नाग्रे कुबी (पित्रे धामी) ले तीन चुल्हा पुजेर गरेका छन् । महाधिवेशन उद्घाटनमा साकेला सिली, मारुनी नाच, कुबी तथा तयातङ्कुबाट मुन्दुमी बखान लगायतका कार्यक्रम प्रदर्शन गरिएको छ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगरप्रमुख भट्टराईले खोटाङ किरात भूमि भएकाले नगरपालिकाको लेटर प्याडमा किरात लिपि समावेश गरिएको जानकारी दिएका छन् । ‘म भट्टराई परिवारमा जन्म लिए पनि किराती हुँ। हामीलाई किराती हुनुमा गर्व लाग्छ । त्यसैले नगरपालिकाले गर्ने हरेक क्रियाकलापमा मुन्दुमी कुराहरु जोडेर गर्ने गरेका छौँ,’ उनले भने, ‘मुन्दुम अन्तरराष्ट्रिय चित्रकला प्रदर्शनी सम्पन्न गरिसकेका छौँ। विभिन्न ४० देशका ख्याति प्राप्त चित्रकारहरुले क्यानभासमा उतारेका चित्र सङ्कलन गरेर मुन्दुम अन्तरराष्ट्रिय चित्रकला सङ्ग्राहलय स्थापना गरेका छौँ । यसले किराती सभ्यतालाई विश्वभर चिनाउन मद्दत गरेको छ।’

माझ किरात भनेर चिनिने खोटाङको खार्मीस्थित रुधालुङको जगत आधारभूत विद्यालयको प्राङ्गणमा दुई दिनसम्म सञ्चालन हुने महाधिवेशनमा दुमी किरात राईहरुको वङ्शावलीसमेत विमोचन गरिएको छ । संस्कृतिविद् चतुरभक्त राईले सङ्कलन, लेखन तथा सम्पादन गरेको ९ सय ५० पृष्ठको वङ्शावलीमा दुमी किरात राईहरुको २२ पाछा तथा ११ सामायी समेटिएको छ।

करिब ३२ वर्ष लगाएर तयार पारिएको दुमी किरात राईहरुको वङ्शावली सङ्कलन, लेखन तथा सम्पादन गर्ने संस्कृतिविद् राईलाई फन्सीकीमले सफरी (फेटा) बाँधेर ताम्रपत्रसहित सम्मान गरेको छ।

किरात राई संस्कार तथा संस्कृति झल्कने विभिन्न स्टल राखिएको महाधिवेशन कार्यक्रममा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका उपप्रमुख विशन राई, केपिलासगढी गाउँपालिकाका प्रमुख समिर राई, साम्पाङ राई जुम्लेखाका केन्द्रीय अध्यक्ष वीरकाजी राई, खार्मीका वडाध्यक्ष ईखबहादुर राई, जालपाका वडाध्यक्ष दानबहादुर राई, नेर्पाका वडाध्यक्ष माधव राई, किरात पुर्खा, संस्कृतिविद्, कुबी तथा तथा तयातङ्कु लगायतको उपस्थिति थियो।

किरात यले सम्वत् (यल थो ५०८५) को अवसर पारेर आयोजना गरिएको राष्ट्रिय महाधिवेशनमा शुभकामना आदानप्रदान, सांस्कृतिक झाँकी प्रदर्शन तथा बुढापाकाबाट मुन्दुमी ज्ञानसमेत आदानप्रदान गरिने आयोजक दुमी किरात राई फन्सीकीमका केन्द्रीय अध्यक्ष डा नेत्रमणि हलक्सु दुमी राईले जानकारी दिए । दुमी किरात राई समुदायले खोटाङको खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर र माक्पालाई आफूहरुको उद्गम थलो मान्ने गरेका छन्।रासस

# भरतपुर आँखा अस्पताललाई पाकिस्तानको सहयोग



**काठमाडौँ ।**
पाकिस्तानले भरतपुर आँखा अस्पतालको पूर्वाधार विकासका निम्ति १० लाख रुपैयाँ प्रदान गरेको छ । अस्पताल परिसरमा मङ्गलबार आयोजित कार्यक्रममा नेपालका लागि पाकिस्तानका राजदूत अब्रार एच हाश्मीले अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयराम श्रेष्ठलाई चेक हस्तान्तरण गरे ।

त्यस अवसरमा राजदूत हाश्मीले पाकिस्तानी सहयोगमा निर्मित उक्त अस्पतालको सुदृढीकरणका लागि निरन्तर सहयोग गर्न पाएकामा पाकिस्तान गर्वित रहेको बताउँदै यो सहयोग पाकिस्तान–नेपाल सम्बन्धका निम्ति महत्त्वपूर्ण स्तम्भका रूपमा चिरकालपर्यन्त स्मरणीय रहन्छ भने ।

पाकिस्तानी दूतावासका अनुसार राजदूत हाश्मीले चितवन शिक्षण अस्पतालको भ्रमण गरेर त्यहाँका विद्यार्थीसँग छलफल गरेका थिए ।

त्यसअघि उनले लुम्बिनीको भ्रमण गरेर लुम्बिनी विकास बोर्ड र लुम्बिनी नगरपालिकाका कार्यवाहक प्रमुखसँग बेग्लाबेग्लै छलफल गरेका थिए ।

# बझाङ र बाजुरामा जीविकोपार्जन कार्यक्रम कार्यान्वयन

**कैलाली ।**
सुदूरपश्चिमका बाजुरा र बझाङ जिल्लामा जलवायु उत्थानशील भूपरिधि तथा जीविकोपार्जन कार्यक्रम कार्यान्वयन भएका छन् ।

जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको जीविकोपार्जनमा टेवा पुर्याउने उद्देश्यका साथ नेपाल सरकार र एसियाली विकास बैंकको साझेदारीमा दुवै जिल्लामा कार्यक्रम कार्यान्वयन भएका हुन् ।

सुदूरपश्चिम प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका प्रवक्ता भरतप्रसाद श्रेष्ठका अनुसार वन तथा वातावरण मन्त्रालय र वन तथा भूसंरक्षण विभागले ती जिल्लामा कार्यक्रम कार्यान्वयन सुरु गरिएको हो । बाजुराका नौ स्थानीय तह र बझाङको जयपृथ्वी नगरपालिका, छबिसपाथिभरा, मष्टा र तलकोट गाउँपालिकामा आगामी पाँच वर्षसम्म कार्यक्रम कार्यान्वयन हुनेछन् ।

स्थानीय तहमा खानेपानी, कृषि, वन, पर्यटन, पूर्वाधारलाई केन्द्रमा राखेर एकीकृत जलाधार व्यवस्थापन, जलवायु अनुकूलन भूस्खलन न्यूनीकरण साथै वृक्षारोपणसहित हरित आयआर्जनजका कार्यक्रम सञ्चालन गरिने छन् ।

प्रवक्ता श्रेष्ठले पानीको श्रोत संरक्षण, व्यवस्थापन, बहुआयामिक उपयोग, व्यवस्थापन, भूमिगत जल भण्डारणको संरक्षण, कृषि वन प्रणाली, भूउत्पादकत्व वृद्धिसँगै पिछडिएका समुदायको जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिने बताए ।

कार्यक्रम सञ्चालन गर्न जिल्लास्थित भू–तथा जलाधार कार्यालय, जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा एकएक जना सबइन्जिनियर र डिभिजन वनलाई प्राविधिकको आवश्यक जनशक्ति प्रदान गरिसकेको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले जनाएको छ । कार्यक्रमबाट वन र पारिस्थितिकीय प्रणालीको दिगो र समावेशी व्यवस्थापन, वन विनाश रोक्न, कार्बन प्रशोधन क्षमता विस्तार हुने जनाइएको छ ।

यसैगरी कार्यक्रमअन्तर्गत बडिमालिका र खप्तड जोड्ने पदमार्गलगायत पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा सात करोड रुपैयाँ बजेट विनियोजन भएको छ । सुदूरपश्चिमको पर्यटन प्रवद्र्धन गरी स्थानीय बासिन्दाको आयआर्जनमा टेवा पुर्याउने उद्देश्यले बडिमालिका र खप्तड जोड्ने पदमार्गलगायत पूर्वाधार निर्माण गरिने छ ।

भू–तथा जलाधार कार्यालयका अनुसार जलवायु परिवर्तनका कारण कृषि, पानीको आपूर्ति र खाद्य सुरक्षामा प्रत्यक्ष प्रभाव परेको छ । विशेषगरी ग्रामीण क्षेत्रका महिलाहरू, दलित, आदिवासी जनजाति र आर्थिक रूपमा पिछडिएका समुदाय बढी प्रभावित भएका छन् ।

# टोखा नगरपालिकामा विकास निर्माणले गति लिँदै

**काठमाडौँ ।**
काठमाडौँको टोखा नगरपालिकाले आफ्नो १२औँ स्थापना दिवस आयोजना गरी यसबीचमा भएका विकास निर्माण र सामाजिक काम उत्साहजनक रहेको जनाएको छ ।

नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले आफ्नो पहिलोदेखि दोस्रो कार्यकालसम्ममा विकास निर्माण, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा थालिएका पहलले सकारात्मक परिणाम हासिल गरेको बताए । पहिलोपटक २०७४ सालमा आफू निर्वाचित हुनुअघि टोखाका हरेक सडक हिलाम्मे हुने गरेको उल्लेख गर्दै उनले हाल वडा नम्बर १ देखि ११ सम्म सडक स्तरोन्नति गरिएको बताए ।

नगरप्रमुख अधिकारीले नगरपालिकाले सामुदायिक विद्यालयको अवस्था सुधार गरी विद्यार्थी र अभिभावकको आकर्षण बढाइएको बताए । कक्षा १० सम्मका विद्यार्थीका लागि नै दिवा खाजा खुवाउने गरिएको उनले बताए । प्रमुख अधिकारीका अनुसार स्वमूल्यायाङ्कनमा काठमाडौँ जिल्लाका पालिकामध्ये टोखा दोस्रो स्थानमा पर्न सफल भएको छ ।

सडक बत्तीको समस्या समाधान गर्दै अब घरघरमा डिजिटल बोर्ड जडान गरिने उनले बताए । पालिकाले ५० वर्ष उमेरमाथिका नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण गराउने र जटिल रोगीलाई सहयोग गरेको छ । शिशु जन्मिनासाथ पाँच हजार रुपैयाँ रकम दिने नीति अवलम्बन गरिएको प्रमुख अधिकारीले बताए ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल भट्टराईले विगतको तुलनामा धेरै सकारात्मक परिवर्तन भएको उल्लेख गर्दै समुन्नत टोखा नगरको अवधारणाअनुसार काम भइरहेको जानकारी दिए ।

# ब्राउन सुगरसहित चारजना पक्राउ

**मधेशदृष्टि**
**हेटौँडा ।**
मकवानपुरको मनहरीस्थित इलाका प्रहरी कार्यालयले मनहरीको रजैया पुलमा ब्राउन सुगर किनबेचमा संलग्न चारजनालाई पक्राउ गरेको छ । सूचना पाएर घटनास्थल पुगेको टोलीले बा८९प ६२९३ नम्बरको मोटरसाइकलसहित चार जनालाई नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरेको प्रहरी निरीक्षक दीपक थापाले बताए ।

प्रहरीले बारा, जीतपुरसिमरा–१६ घर भई मकवानपुर, हटौँडा–१९ सान्नानीटार बस्ने २६ वर्षीय अनिल सिन्तान, मकवानपुरकै मनहरी–५ बसन्तपुरका २३ वर्षीय संजित आले, बसन्तपुर घर भई मनहरी–३, लामिटार बस्ने ३३ वर्षीय बिनोद बहादुर बल र मनहरी–५ का ३० वर्षीय सुरेश स्याङ्तानलाई नियन्त्रणमा लिएको हो । उनीहरुका साथबाट २९३ मिलिग्राम लागुऔषध खैरो हेरोइन (ब्राउनसुगर) बरामद भएको छ ।

# ४६० केजी गाँजा बरामद

**धरान ।**
सुनसरीको इनरुवा नगरपालिका–९, पोखरीचोक नजिकैबाट प्रहरीले ४ सय ६० केजी गाँजासहित स्कारपियो गाडी बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रवक्ता चन्द्र खड्काका अनुसार विशेष सूचनाका आधारमा खटिएको टोलीले बा ३ च ५५८५ नम्बरको स्कारपियोमा राखिएको १६ बोराबाट ४ सय ६० केजी गाँजा बरामद गरिएको हो ।

मंगलबार साँझ करिब ७ बजे इनरुवाबाट जाल्पापुरतर्फ जाँदै गर्दा नहरचोक नजिक रोक्न खोज्दा चालक गाडी छोडेर फरार भएपछि अस्थायी प्रहरी चौकी साम्बलाबाट खटिएको टोलीले गाडी नियन्त्रणमा लिएको प्रवक्ता खड्काले बताए ।

सो विषयमा अनुसन्धान भइरहेको र फरार चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# मुग्लिन–पोखरा सडक मर्मत शुरु

**तनहुँ ।**
मुग्लिन–पोखरा खण्डअन्तर्गत तनहुँको व्यास नगरपालिका–३ दुर्गा मन्दिर नजिक भाँसिएको सडक चार महिनापछि मर्मत गर्न थालिएको छ । दुई लेनमा रहेको उक्त सडक अस्थायी संरचना बनाएर चार लेनको बनाइएको थियो । चारमध्ये अस्थायी दुई लेन खण्ड सवारी चापका कारण चर्किएर गत साउन अन्तिम साता भाँसिएको थियो ।

भाँसिएको सडकखण्ड बुधबारदेखि मर्मत गर्न थालिएको मुग्लिन पोखरा सडक आयोजना (पूर्वी खण्ड) का इञ्जिनियर विष्णुप्रसाद पाण्डेले बताए । उनका अनुसार करिब एक सय मिटर सडक भाँसिएपछि सो क्षेत्रमा सवारी आवागमन बन्द गरी एकतर्फी रूपमा सञ्चालनमा ल्याइएको छ ।

सडक भाँसिएको ठाउँमा कालोपत्र उप्काएर मर्मत गर्न थालिएको उनले जानकारी दिए ।

मुग्लिन–पोखरा सडकको पूर्वी खण्डअन्तर्गत जामुनेबाट आँबुखैरेनीसम्मको ४१ दशमलव पाँच किलोमिटर खण्डमा चार लेनमा कालोपत्र सम्पन्न भइसकेको छ । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम शुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ ।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाइएको हो । पूर्वी खण्डको ठेक्का छ अर्ब २१ करोड ३१ लाख १३ हजार रुपैयाँमा लागेको छ ।

# एकै दिन १७ स्थानमा आगलागी

**काठमाडौँ।**
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा मङ्सिर १५ गते बिहानदेखि १६ गते बिहानसम्म देशभर २० वटा विपदमा घटनाका जानकारी प्राप्त भएका छन्।

प्राधिकरणका प्राप्त भएका विवरणमध्ये १७ वटा आगलागीका मात्रै घटना थिए। बाँकी रहेका तीन वटा घटनामा मुस्ताङमा लेक लागेको, महोत्तरीमा सर्पदंश र पर्सामा जनावर आक्रमणको रहेका थिए। पर्साको पर्सागढी नगरपालिका ३ झुलिटार बस्ने ५५ बर्षिया एक महिला जंगलमा घास काटन जाँने क्रममा बाघले आक्रमण गरी घाइते भएका हुन्।

प्राधिकरणका अनुसार आगलागीका कारण ८२ लाख ९१ हजार रुपैयाँ बराबरको क्षति भएको छ। सिरहामा तीन, भोजपुरमा दुई, पाँचथर, मोरङ, उदयपुर, सप्तरी, रौतहट, बारा, पर्सा, ललितपुर,कास्की, कपिलवस्तु, गुल्मी, बाँकेमा आगलागीका घटना भएका थिए । अधिकांश आगलागीका घटना असावधानीका कारण भएको देखिन्छ।

गाइगोठमा खोले पकाउँदा, सुँगुरलाई चारो तताउँदा, ग्यास चुल्हो बालेर आगो ताप्दा, विद्युत्को तार सर्ट हुँदा, विद्युत् सर्ट भई आगलागी भएको पाइएको छ। यस्तै अचानक विद्युतीय सवारी साधनमा आगलागी भएको घटना पनि प्राधिकरणमा दर्ता भएको छ।

प्राधिकरणको विवरण हेर्दा अधिकांश आगजनी असावधानीका काररण भएको देखिन्छ । सामान्य सावधानी अपनाउँदा समेत जनधनको क्षति हुनबाट जोगाउन सकिने भएपनि असावधानी र जनचेतनाको अभाव देखिन्छ।रासस

# सिमरा पार्कमा तीन हरिण मृत भेटिए

**बारा**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१ अन्तर्गत सिमरा पार्कमा पालिएका तीन वटा हरिण मृत अवस्थामा फेला परेका छन् । पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै आएको यस पार्कमा राखिएका ६ हरिणमध्ये तीन वटा बुधबार बिहान मृत भेटिएका हुन् । पार्कका कर्मचारीले मृत हरिण देखेपछि तत्काल डिभिजन वन कार्यालय र प्रहरीलाई खबर गरेका थिए। पार्क सञ्चालक थानीमाई वन उपभोक्ता समूहका कोषाध्यक्ष श्याम सुवेदीका अनुसार हरिणको मृत्यु जंगली जनावरको आक्रमणका कारण भएको आशंका छ।

‘कतिपयले चितुवा भनेका छन्, कतिले बाघ भन्नुभएको छ। कुन जनावरले आक्रमण ग¥यो भन्ने यकिन भइसकेको छैन,’ सुवेदीले भने, ‘तर मारिएका तीनै हरिण तिघ्राको मासु लुछिएको अवस्थामा भेटिएका छन् ।’ आक्रमणका बेला तारघेरा नाघेर बचेका तीन हरिण पार्क वरपरकै क्षेत्रमा फेला परेको सुवेदीले जानकारी दिए । घटना स्थलमा पुगेको डिभिजन वन कार्यालय तथा इलाका प्रहरी कार्यालय सिमराको टोलीले मुचुल्का उठाई मृत हरिणलाई खाल्डो खनेर पुरिएको छ।

घटनापछि बाँकी रहेका हरिणलाई सुरक्षित राख्ने विषयमा थप चासो र चुनौती बढेको सुवेदीको भनाइ छ।

# प्रलोपाद्वारा जेन्जी आन्दोलनको माग पूरा गर्न सरकारसँग आग्रह



**काठमाडौँ।** प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले जेन्जी आन्दोलनका माग पूरा गर्न सरकारसँग आग्रह गरेको छ । प्रलोपाका प्रतिनिधिहरुले बसधवार सिंहदरबारमा प्रधानमन्त्री सुशीला कार्कीलाई भेटगरी जेन्जी आन्दोलनको वैधतालाई अभिलेखीकरण गर्न आग्रह गरेका हुन् । प्रलोपाले प्रधानमन्त्रीसमक्ष विभिन्न चार सूत्रीय माग पनि प्रस्तुत गरेको छ। सो पार्टीले भनेको छ, 'विगत तीन महिनादेखि जेन्जी मुभमेन्ट अलायन्स, काउन्सिल अफ जेन्जी, जेन्जी फ्रन्टलगायत विभिन्न जेन्जी समूहहरुले जेन्जी जनआन्दोलनलाई संस्थागत गर्न सङ्कलन गरी बुझाएको जनादेशसहितको सम्झौतापत्र यथाशीघ्र हस्ताक्षर गरियोस्, सो सम्झौतामा उल्लेख गरिएका विषयवस्तुमध्ये सर्वप्रथम सहिद तथा घाइते परिवारको तत्कालीन आवश्यकता र दीर्घकालीन परिपूरणको मागलाई यथोचित सम्बोधन गरियोस्।"

किसानलाई उत्पादनका आधारमा राज्यद्वारा अनुदानको व्यवस्था गरियोस् । विगतमा नक्कली किसानका नाममा कृषि अनुदानको ठूलो मात्रामा दुरुपयोग भएको हुँदा सोबारे छानबिन गरी दोषीलाई कडा कारबाही गर्नुपर्ने र अन्नबाली लगाउने समयमा किसानलाई पर्याप्त मल उपलब्ध गराउनुपर्ने प्रलोपाको माग छ । भ्रष्टाचार विरोधी र सुशासन संस्थागत गर्ने सम्बन्धमा पार्टीले भ्रष्टाचारसम्बन्धी छानबिन गर्न एक उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरी आयोगको सिफारिसका आधारमा दोषीलाई कारबाही गरी भ्रष्टाचारबाट आर्जित सम्पत्तिलाई राष्ट्रियकरण गर्ने प्रक्रियाको थाल्नुपर्नेमा जोड दिएको छ।

पार्टीले घोषित फागुन २१ को निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्नका लागि वातावरण निर्माण गर्नुपर्ने उल्लेख गर्दै विदेशमा रहेका नेपालीले विदेशबाटै मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्ने माग पनि अघि सारेको छ। निर्वाचनको तयारी र सुशासनको जग बसाल्ने काम सँगसँगै गरिरहेको उनले बताए। भ्रष्टाचारका विषयमा छानबिन गर्न राज्यका स्थापित संरचना नै धेरै रहेको अवस्थामा थप अर्को आयोग नबनाइएको उनले प्रस्ट्याए। प्रधानमन्त्री कार्कीले भनिन, 'हामी कहाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोग छ, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ। केन्द्रीय अनुन्धान ब्युरो छ, विगतमा ती निकायलाई प्रभावकारी रूपमा काम गर्न नदिइएको हुन सक्छ। दलीय प्रभाव परेको हुन सक्छ, हामी कुनै प्रकारको दबाब दिंदैनौं । ती निकायले पूर्ण स्वतन्त्रताका साथ काम गरुन्, प्रभावकारी ढङ्गले चल्न सकुन, समानान्तर रूपमा धेरै संरचना बनाएर मात्र नतिजा आउने होइन। मूल कुरा काम गर्ने वातावरण दिनु अहिलेको आवश्यकता हो ।' अहिले अख्तियारले आफ्नो रफ्तार बढाइरहेको उनले बताए।

सबै क्षेत्रको अति दलीयकरण हुँदा मुलुकले प्रगति गर्न नसकेको टिप्पणी गर्दै प्रधानमन्त्री कार्कीले भने, 'तपाईहरूले समाचारमा पढिरहनुभएकै होला। केही ठूला भ्रष्टाचारका विषय र प्रभावशाली व्यक्ति जोडिएका काण्डमा सम्बन्धित निकायहरूले कदम चालेका छन्।'

प्रधानमन्त्री कार्कीले आउँदो चुनावमा युवालाई नै संसदा पठाएर परिवर्तन संस्थागत गर्नुपर्ने धारणासमेत राखेको उनको सचिवालयले जनाएको छ। प्रधानमन्त्री कार्कीले भनिन, 'यहाँ किसानका नाममा राजनीति भयो। किसानले मल पाउँदैनन् तर किसानको नेता देश–विदेश घुमिरहेको हुन्छ, मन्त्री–सांसद बनिरहेको हुन्छ, कार्यकर्ता अघिपछि लगाइरहेको हुन्छ। सहुलितको मल, बीउ, ऋणसमेत उसैले एकलौटी गरिरहेको हुन्छ, अरु व्यवसाय गर्नेहरूका नाममा राजनीति भयो, आफ्नो पेसा–व्यवसाय गर्न छाडेर नेतागिरी गर्दै हिंड्ने प्रवृत्ति नै बनेको रहेछ। भ्रष्टाचारको जड यहाँ छ, यस्तो वातावरणमा कसरी देशले उन्नति गर्छ?'

नेता किरातीसहित प्रतिनिधिमण्डलका अन्य सदस्यले जेन्जीका आवाज सम्बोधन चाँडो हुनुपर्ने माग गर्नुभएको थियो । उनिहरूले आन्दोलनकारी जेनजीमाथि एकातिर प्रहरीले धरपडक गरिरहेको र अर्कोतिर केही दलले घोषित रूपमै गुण्डा परिचालन गरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । यदि कुनै दलले घोषित रूपमै गुण्डागर्दी गर्न सङ्गठन खोलेर अघि बढ्छ भने जेनजीले प्रतिकार गर्नुपर्ने अवस्था आउन सक्छ भनी उहाँहरूले चेतावनी दिए।

# सरकार र संसद विघटनविरुद्धको रिटको सुनुवाइमा थप ढिलाइ हुने

## एमालेको निवेदनमा कारण देखाउ आदेश जारी

**काठमाडौँ।** प्रतिनिधिसभा पुनःस्थापनाको मागसहित एमालेले दायर गरेको रिटमा सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ ।

जेन्जी आन्दोलनपछि विघटन गरिएको संसद पुनःस्थापनाको माग गर्दै विघटित संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले एमालेका तर्फबाट दायर गरेको रिटमाथि बुधबार संवैधानिक इजलासले आदेश जारी गरेको हो ।प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुयाल तथा मनोजकुमार शर्माको संयोजनमा बसेको इजलासले बाटो खर्चबाहेक सात दिनभित्र लिखित जवाफ पेश गर्न सम्बन्धित निकायलाई आदेश दिएको सर्वोच्च प्रशासनले जनाएको छ ।

एमालेले भदौ २७ गते प्रतिनिधिसभा असंवैधानिक रूपमा विघटन गरिएको दाबी गर्दै पुनःस्थापनाको माग गरेको थियो । भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछि सोही मागअनुसार भदौ २७ मा संसद विघटन भएको थियो । विघटनपछि फागुन २१ गतेका लागि निर्वाचन मिति तोकिएको छ ।

यसअघि प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति र संसद विघटनविरुद्ध १६ वटा रिट दर्ता भई तीमध्ये अधिकांशमा सर्वोच्चले कारण देखाउ आदेश जारी गरिसकेको छ । आदेशअनुसार राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री सुशीला कार्की, सभामुख देवराज घिमिरे, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, संसद सचिवालयलगायतले लिखित जवाफ बुझाइसकेका छन् ।

उता, एउटै विषयमा लिखित जवाफ आइसकेका बेला एमालेले ढिलो दायर गरेको रिटमा पनि सर्वोच्चले फेरि सम्बन्धित निकायलाई कारण पेश गर्न आदेश दिएपछि समग्र रिटहरूको सुनुवाइमा केही ढिलाइ हुने सर्वोच्च स्रोतले जनाएको छ । एउटै विषय भएकाले एमालेको रिटमाथि पनि अन्य रिटहरूसँगै सुनुवाइ गरिनेछ ।

# कुलमानको आह्वानः 'परिवर्तनलाई परिणाममा बदल्न एकै ठाउँमा उभिऔँ'

**काठमाडौं।** ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री कुलमान घिसिङले भ्रष्टाचार नियन्त्रण र सुशासनको स्थापना बिना मुलुक समृद्धिको मार्गमा अगाडि बढ्न नसक्ने बताएका छन् । बुधबार उज्यालो नेपाल पार्टीको घोषणा सभामा बोल्दै उनले समृद्ध नेपालका लागि सबैभन्दा ठूलो पूर्वशर्त नै भ्रष्टाचार उन्मूलन भएको उल्लेख गरे । मन्त्री घिसिङले आगामी फागुन २१ पछि कस्तो सरकार बन्ने भन्ने प्रश्नमा आम नागरिकको उत्सुकता रहेको उल्लेख गर्दै सोही परिवेशमा वैकल्पिक राजनीतिका रुपमा उज्यालो नेपाल पार्टी उदाएको बताए । परिवर्तनको नेतृत्व सक्षम नयाँ पुस्ता, दृढ संस्था र संगठित जनशक्तिले लिन आवश्यक रहेको उनको भनाइ छ ।

घिसिङले वैकल्पिक राजनीतिक शक्ति एकजुट नभएसम्म परिणाममुखी परिवर्तन सम्भव नहुने जिकिर गर्दै बिग्रिएको बेलामा मात्र आलोचना गर्ने तर अवसर आउँदा पछि हट्ने प्रवृत्तिले देशको विकास रोकिएको टिप्पणी गरे। राजनीतिमा सही, सक्षम र इमानदार व्यक्तिहरूको प्रवेश आवश्यक रहेको उनले जोड दिए । घोषणा सभामा प्रमुख अतिथि रहेका मन्त्री घिसिङले देशको भविष्य परिवर्तन चाहने शक्तिहरू एकताबद्ध भएर अघि बढ्नुपर्ने आवश्यकता दोहोर्याएका छन्।

# माओवादी कर्णाली प्रदेश दलको नेताबाट शर्माद्वारा राजीनामा

**कर्णाली।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दल नेता राजकुमार शर्माले दल नेताबाट राजीनामा दिएका छन । नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलका नेता शर्माले दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीसमक्ष बुधवार राजीनामा दिएका हुन्। दलका प्रमुख सचेतक जिसीलाई उनले पत्रमार्फत सम्बोधन गर्दै लेखेका छन, 'उपरोक्त सम्बन्धमा म राजकुमार शर्मा नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलको दल नेताको पदबाट राजीनामा दिएको व्यहोरा अवगत गराउँदछु ।' कर्णाली प्रदेश सरकारका पूर्वमुख्यमन्त्री समेत रहेका उनले हालै गठन भएको प्रगतिशील लोकतान्त्रिक पार्टीमा आबद्ध भएसँगै दलको नेताबाट राजीनामा दिएको जानकारी दिए। नेकपा (माओवादी केन्द्र) बिगठन भएर नेपाली कम्युनिष्ट पार्टी भएको छ। शर्माले राजीनामा दिएपछि नेपाली कम्युनिष्ट पार्टीका बाँकी १२ प्रदेशसभा सदस्यबाट दलको नेता चयन गर्ने बाटो खुला भएको प्रमुख सचेतक जिसीले जनाए । रासस

# वैकल्पिक राजनीतिक शक्तिहरुबीच एकता अपरिहार्यः सुमना श्रेष्ठ

काठमाडौँ । पूर्वमन्त्री सुमना श्रेष्ठले मुलुकलाई विकास र निकाश दिन वैकल्पिक राजनीतिक शक्तिहरूबीच एकता अपरिहार्य भएको बताएकी छन् । रास्वपा छोडेर हाल स्वतन्त्र रूपमा सक्रिय रहँदै आएकी श्रेष्ठले बुधवार उज्यालो पार्टी नेपाल घोषणा सभामा सम्बोधन गर्दै वैकल्पिक शक्तिहरूबीच सहकार्यको आवश्यकता औँल्याइन् । जेन्जी विद्रोहमार्फत कमजोर भएका पुराना राजनीतिक दलका नेताहरूलाई पुनः कुर्सीमा फर्कन नदिने उद्देश्यसहित उनीहरूबीच आपसी एकता आवश्यक रहेको उनको भनाइ छ ।

श्रेष्ठले फराकिलो दृष्टिकोण र साझा एजेन्डामा आधारित भएर सुशासन, विधिको शासन, विभेदरहित समाज र समान अवसर सुनिश्चित गर्ने दिशामा अघि बढ्न सबै पक्षलाई आग्रह गरेकी छन्। उनले आफैं वैकल्पिक शक्तिहरूलाई एकताबद्ध गर्न क्रियाशील रहेको र नेपाललाई नागरिकको पार्टी बनाउन शुभकामना व्यक्त गरेकी छिन् ।

# भ्रष्टाचार गरेको अभियोगमा क्यान महानिर्देशक अधिकारीसहित ७ विरुद्ध मुद्दा दायर

**काठमाडौं ।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भक्तपुरको नलिनचोकमा निर्माणाधीन हेलिप्याड कार्यक्रममा व्यापक अनियमितता भएको ठहर गर्दै नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारीसहित ६ जना र एक परामर्श कम्पनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले बुधबार दायर गरेको मुद्दामा क्यानका महानिर्देशक प्रदीप अधिकारी, निर्देशक मुरारी भण्डारी, उपप्रबन्धक तथा इन्जिनियर समृद्धि श्रेष्ठ, प्रबन्धक नवलविक्रम थापा, अभियन्त्र कन्सल्टिङ प्रालिका म्यानेजिङ डाइरेक्टर विजय थापा, प्राइभेट इन्जिनियर गुरुदत्त अधिकारी र अभियन्त्र कन्सल्टिङ प्रालि, नयाँ बानेश्वरलाई प्रतिवादी बनाइएको विशेष अदालतका उप–रजिस्ट्रार कृष्णसरण लामिछानेले जानकारी दिए।

उनका अनुसार आरोपित सबैबाट १३ करोड ५७ लाख ४६ हजार २१३ रुपैयाँ ७७ पैसा बिगो भएको भन्दै सो बराबरको जरिवाना र कैद सजाय माग गरिएको छ । साथै, क्यानका महानिर्देशक अधिकारीविरुद्ध अतिरिक्त तीन वर्षको सजाय पनि दाबी गरिएको छ।

आयोगले आरोपपत्र दर्तासँगै महानिर्देशक अधिकारी र निर्देशक मुरारी भण्डारीलाई अदालतमा उपस्थित गराइसकेको जनाएको छ। समय अभावका कारण उनीहरूको बयान र थुनछेक बहस आगामी शुक्रबार गर्ने तयारी अदालतले जनाएको छ।

# १६ वर्ष उमेर पुगेकाले काम गर्न पाउने कानुन बनाउनुपर्छः वामदेव गौतम



**काठमाडौँ।** राष्ट्रिय सभा सदस्य वामदेव गौतमले १६ वर्ष उमेर पुगेका किशोर–किशोरीलाई काम गर्ने अधिकार सुनिश्चित गर्ने कानुन ल्याउनुपर्ने बताएका छन् । बुधबार सिंहदरबारमा बसेको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले नेपालमा कार्यक्षेत्रमा प्रवेश गर्न १८ वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्थालाई समयअनुसार पुनः समिक्षा गर्नुपर्ने आवश्यकता औँल्याए । गौतमका अनुसार अमेरिकासहित कतिपय मुलुकमा १६ वर्षमै काम गर्न अनुमति हुन्छ, तर नेपालमा १८ वर्ष नपुगेसम्म कानुनी रूपमा श्रम गर्ने अधिकार नहुँदा युवाहरू दुई वर्ष अतिरिक्त 'कामविहीन' बस्न बाध्य हुन्छन् । उनले यो प्रावधान हटाई १६ वर्षमै काम गर्न पाउने व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

नेपालका करिब ६० लाख युवा विदेशमा श्रम गरिरहेको र उनीहरूले पठाउने वैदेशिक रोजगारको आयले देश चलिरहेको उल्लेख गर्दै गौतमले स्वदेशमै उनीहरूका लागि रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याए । उनले देश विकास गर्न ऋणमाथि ऋण थुपार्नेबाट होइन, उत्पादक श्रमका अवसर विस्तारबाट समाधान खोजिनुपर्ने बताए ।

'काम गर्न सक्ने व्यक्ति १६ वर्षबाटै योगदान दिन सक्छन्, त्यसैले कानुनले मार्ग खोल्नुपर्छ,' गौतमले भने । सरकारले वैकल्पिक रोजगारी वातावरण निर्माणमा प्राथमिकता दिनुपर्ने उनको सुझाव छ ।

# बूढीगण्डकी जलविद्युत् आयोजना अघि बढाउन सरकार लागिपरेको छः प्रधानमन्त्री कार्की

**काठमाडौँ।** प्रधानमन्त्री सुशीला कार्कीले बूढीगण्डकी जलविद्युत् आयोजनाको काम छिटो अघि बढाउन सरकार लागिपरेको बताएकी छन।

बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि कम्पनी स्थापना भइसकेको र उक्त पेट्रोलियम पदार्थमा लगाइएको अतिरिक्त करवापतको रकम प्रत्येक वर्ष खाताम जाने व्यवस्थाका लागि आवश्यक प्रक्रिया अघि बढाइने उनको भनाइ छ।

यससम्बन्धी प्रक्रिया छिटो अघि बढाउन उनले ऊर्जा र अर्थ मन्त्रालयलाई निर्देशन पनि दिएकी प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। यसै विषयमा प्रधानमन्त्री कार्कीले बुधबार पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलगायत आयोजना प्रभावित क्षेत्र गोरखा र धादिङका केही



पूर्वजनप्रनिधिहरू तथा स्थानीय सरोकारवालासँग छलफल गरिन।

त्यसक्रममा पूर्वप्रधानमन्त्री भट्टराईले बूढीगण्डकी आयोजना अघि बढाउन सरकारले देखाएको तत्परताप्रति खुसी व्यक्त गर्दै यसलाई केवल विद्युत् आयोजनामा मात्र सीमित नगरी बहुउद्देश्यीय आयोजनामा विकास गर्न छुट्टै प्राधिकरण गठनका लागि सुझाव दिईन।

छलफलमा अर्थमन्त्री रामेश्वर खनाल र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अन्य अधिकारीहरूको सहभागिता थियो।

एक हजार २०० मेगावाटको यस जलविद्युत् आयोजनाको लागत २०७९ मा दुई खर्ब ५५ अर्ब अनुमान गरिएको थियो । अब यो लागत चार खर्ब नाघ्ने अनुमान छ।

नेपाल सरकारले जग्गा अधिग्रहण गरी ४२ अर्ब स्थानीय जग्गाधनीलाई मुआब्जा दिइसकेको छ । काठमाडौँ, पोखरा र चितवन जस्ता ठूला सहरको बीचमा रहेको यो आयोजना निर्माण सम्पन्न गर्न कम्तीमा आठ वर्ष लाग्ने आंकलन छ।रासस

# यातायात कार्यालयमा प्रमुख र खरिदारबीच कुटाकुट



**मधेशदृष्टि**
**बारा**

बाराको कलैयास्थित यातायात व्यवस्था कार्यालयमा कार्यालय प्रमुख अबिन्द्र दास र खरिदार सत्यनारायण साहबीच बुधबार साँझ साढे पाँच बजे कुटाकुट भएको छ। घटनामा खरिदार साहको अनुहारमा चोट लागेको छ र उनको अनुहार सुन्निएको छ। कार्यालय प्रमुख दासको पनि अनुहारमा घाउ लागेको बताइएको छ।

प्रहरीले दुबैजनालाई नियन्त्रणमा लिएको छ। बाराका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक नागेन्द्र कुवरका अनुसार, कार्यालय प्रमुख दास र खरिदार साहबीच भएको यस कुटाकुट घटनाको विषयमा जिल्ला प्रहरी कार्यालय बाराले अनुसन्धान सुरु गरेको छ।

स्रोत का अनुसार कुटाकुट लाइसेन्स पास गरेको रकम भाग बण्डा को बिसय मा भएको हो कर्मचारीहरुको मिलोमतोमा लाइसेन्स वितरण हुदै आएको छ।

यसमा रकमको समेत चलखेल हुने गरेको बताइएको छ । यसै विषयलाई लिएर कुटपिट भएको हो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन